## Teachers Wanted

| S.No. | Position | Level | No. | Time | Qualification |
| --- | --- | --- | --- | --- | --- |
| 1. | Grade Teacher | Pre Primary | 2 | Full Timer | B.A./B.Ed. or Running |
| 2. | Math | Primary | 1 | Full Timer | B.A./B.Ed. or Running |
| 3. | Accountant | | 1 | 09:00-05:30 | BBS or Running |
| 4. | Opt. Math | Secondary | 1 | 10:00-11:30 | Ma/Msc |
| 5. | आया दिदी | | 1 | Full Timer | सामान्य लेखपढ |

Experienced & dedicated teachers are encouraged to apply Self-handwritten application within 21 Mangsir -2082

(Salary : No bar for deserving Candidates)

**For Details:**

**Sacred Heart Academy**

Suryavinayak, (Gapali)-4, Bkt
Contact No. 01-6615772/9841432048,
sacredheartacademy73@ gmail.com



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



**चिसो मौसममा सुरक्षित रहौं।**

चिसो मौसममा:
- ❖तातो तथा न्यानो कपडा लगाऔं,
- ❖तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं,
- ❖घर तथा कोठा न्यानो बनाऔं,
- ❖बालबालिका र वृद्धहरूलाई चिसोबाट जोगाऔं,
- ❖न्यानो सिरक ओढेर सुत्ने गरौं,
- ❖जाडो मौसममा घाम तथा आगो ताप्ने गरौं,
- ❖चिसोमा हिंडडुल (मर्निङ्ग वाक) नगरौं,
- ❖कुनै समस्या देखिए तुरुन्त स्वास्थ्य संस्थामा सम्पर्क गरौं।

सावधानी अपनाऔं, स्वस्थ रहौं। नेपाल सरकार विज्ञापन बोर्ड



★ वर्ष : २७ ★ अङ्क : ३१३ ★ ने. सं. ११४६ थिंला थ्व, एकादशी ★ सोमबार ★ १५ मङ्सिर, २०८२ ★ December 1, 2025, Monday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८





प्यालेस्टिनसँग ऐक्यबद्धता अभियानअन्तर्गत नोभेम्बर २९, २०२५ का दिन युरोपेली देश फ्रान्सको राजधानी पेरिसमा देखिएको लाखौँ मानिस सम्मिलित जुलुस । त्यस्तै ऐक्यबद्धता र्‍यालीहरू युरोप र अमेरिकाका विभिन्न सहरमा भएका छन् । र्‍यालीहरूमा नरसंहारकारी देश इजरायललाई बहिष्कार गर्न र इजरायल उत्पादित वस्तुको उपभोग बन्द गर्न आह्वान गरिएका छन् । *तस्बिर : प्यालेस्टिन अन्तर्राष्ट्रिय ऐक्यबद्धता समितिको फेसबुकबाट*

# सामन्ती संस्कारलाई समाजको तल्लो तहदेखि नै फेर्नु आवश्यक

काठमाडौँ, १४ मङ्सिर । ‘राजनीतिमा पूर्वप्रहरी’, ‘नेता हुने रहर कि शक्तिमोह ?’

समाचारले थप लेख्छ - प्रहरी सङ्गठनमा रहँदा बढुवाको लागि राजनैतिक दलको फेरो समात्नेहरू अहिले राजनीतिमा लागेका छन् *(नागरिक, १३ मङ्सिर, २०८२)*। ती हुन् - सर्वेन्द्र खनाल - पूर्वआईजीपी, विश्वराज पोखरेल - पूर्वआईजी, नवराज सिलवाल - पूर्वडीआईजी, रमेश खरेल - पूर्वडीआईजी र छानेका दलहरू क्रमश: समुन्नत नेपाल पार्टी, राष्ट्रिय स्वतन्त्र पार्टी, नेकपा एमाले, नेपाल सुशासन र रास्वपा अहिले मौन ।

चिन्तनको हिसाबले माथिका सबै पूर्वसुरक्षा अधिकारीहरू आफ्नो पेसासँग सम्बन्धित अध्ययन र तालिममा अब्बल नै होलान् । उनीहरूले सेवामा समय बिताए । तर, समाज र राज्य व्यवस्था निश्चय पनि जटिल छ । आफ्नो विषयबाहेक समाजलाई काम लाग्ने विषय नागरिकशास्त्र, राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र आदिबारे कुनै एक दुई विषयमा अध्ययन पनि सबैले गरेकै हुन्छन् । तर, विडम्बनाको विषय हो, राजनीतिशास्त्रमा विद्यावारिधि गरेका प्राध्यापकहरूमध्ये एक दुई जनाले संयुक्त राष्ट्र सङ्घमा चीन सदस्य नभएको हुनाले जनवादी गणतन्त्र चीन ‘एउटा राज्य’ होइन भनी पढाउँदा विद्यार्थीहरूले विरोध गरेका थिए । कहिलेकाहीँ राजनीतिक दलहरूको गलत प्रभावको कारण जानकारहरूले समेत ‘राज्यको उत्पतिको सिद्धान्त’ र ‘राज्यका तत्त्वहरू’ जस्ता प्रारम्भिक विषयमा समेत जथाभावी नयाँ पुस्तालाई गलत सन्देश दिने गर्थे ।

यसकारण, पञ्चायत व्यवस्था अन्त्यपछि बहुदलीय व्यवस्थालाई माथिल्ला ओहोदाका व्यक्तिहरूले आफ्नो पुरानै विचारको कारण नकारात्मक भावना राखेका थिए । त्यस्तो बेलामा कसैलाई जबरजस्ती निश्चित राजनीतिक प्रणाली स्वीकार गर्न लगाउनु खोटपूर्ण हुने गर्छ । त्यसको उपाय नै सरकारमा विपरीत दल पुग्नासाथै नयाँ दलसँग सहमत नभएका माथिल्ला कर्मचारीहरूले राजीनामा दिन्छन् वा ‘स्वाइल सिस्टम’ भनिने परम्पराअनुसार सबै माथिल्ला कर्मचारीहरू हट्छन् वा हटाउने गर्छन् । एमालेका भरतमोहन अधिकारी अर्थमन्त्री हुँदा आजका अर्थमन्त्री रामेश्वर खनालले माथिल्लो पदमा रहेकाले राजीनामा दिएर बाहिरिएका थिए । त्यो उचित थियो तर रामेश्वर खनालले आज मन्त्री भएर युरो - ३ को मापदण्डलाई ऐन-नियमविपरीत सवारी साधन आयात गर्न दिएकोमा तल्ला कर्मचारीहरूसमेत असन्तुष्ट छन् । निजी क्षेत्रलाई सहयोग गर्ने नाममा निहित स्वार्थ हेरेको घामजतिकै प्रस्ट छ ।

पूर्वप्रहरी, आईजी र एआईजीहरू आपसमा प्रतिस्पर्धी हुँदा शक्तिको प्रयोग हुने सम्भावनाले पनि कुनै अर्को शक्ति केन्द्रको खेमामा जानुपर्ने स्थिति आउन दिनु उचित होइन । यसले पनि थाहा हुन्छ सत्तामा बस्नेहरूको असहिष्णु, बदला लिने गलत-प्रवृत्ति र सामन्ती संस्कारलाई समाजको तल्लो तहदेखि नै फेर्नु आवश्यक छ । ‘रहर र शक्तिमोह’ नभई सुरक्षा खोजेको पनि हुनसक्ने सम्भावना रहन्छ । यस्तो अवस्था सदा रहनु समाजको निम्ति हितकर हुँदैन । यसकारण, कोही प्राध्यापक बन्ने व्यक्तित्वका होलान्, कसैलाई प्रज्ञा प्रतिष्ठानमा लानुपर्ने होला, यसबारे अब आउने सरकारहरूले सोच्न सके देश र जनताको भलो हुनेछ । रुसको १९१७ अक्टोबर क्रान्तिपछि जारको सरकारको बेलामा एक सैनिक अफिसर जुकोभ सोभियत सङ्घको लालसेनाको कमान्डर इन चिफ भएका थिए ।

# वैज्ञानिक समाजवाद हुँदै साम्यवाद स्थापना गर्ने नेमकिपाको लक्ष्य

कैलाली, १४ मङ्सिर । नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ लम्किचुहा नगरपालिका वडा नं.४ अम्मरपुर एकाइ समितिको आयोजनामा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको स्थापना दिवसको पूर्व सन्ध्यामा लम्किचुहा न.पा.४ अम्मरपुरमा शनिबार विद्यार्थी भेला भयो ।

कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य खगेन्द्रबहादुर शाहीले नेमकिपाको उद्देश्य भनेको वैज्ञानक समाजवाद स्थापना गरी साम्यवादसम्म पुग्ने रहेको बताउँदै समाजवादी व्यवस्थामा गाँस, बाँस, कपास, शिक्षा, स्वास्थ्य, रोजगार, मनोरञ्जन र सुरक्षाको सुनिश्चितता हुने बताउनुभयो । उहाँले सधैँ साचो बोल्ने, अध्ययनशील हुने, सामाजिक कार्यमा सधैँ अघि बढ्नेजस्ता कार्य गरेमा हाम्रो उद्देश्यमा पुग्न सहज हुने बताउनुभयो ।

उहाँले महान् व्यक्तिको जीवनी अध्ययनबाट घर, देश र संसार चलाउन सक्ने कुरा बताउनुभयो । उहाँले उत्तर कोरिया एक्लै भएर पनि अटल रहेको बताउँदै हामी पनि हाम्रो विचारमा अडिक र अटल रही नेमकिपाको उद्देश्य पूरा गर्न निरन्तर अगाडि बढ्नुपर्ने कुरा बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य तथा कैलाली संयोजक रमेशकुमार रावलले नेक्राविसङ्घ किसान र मजदुरका छोराछोरीहरूको साझा सङ्गठन भएको बताउँदै यसको उद्देश्य समाजवादी व्यवस्था रहेको बताउनुभयो ।

उहाँले विद्यार्थी सधैँ अनुशासित हुनुपर्ने बताउँदै अनुशासनले नै मानिसलाई सच्चा र इमानदार व्यक्ति बनाई उसको प्रतिष्ठा बढाउने काम गर्छ भन्नुभयो ।

नेक्राविसङ्घका पूर्वकेन्द्रीय सदस्य डीएसले विभिन्न विधामा ज्ञान भएका साथीहरूले सङ्गठनलाई सहयोग हुने कुरा बताउँदै हामी जहाँ छौँ त्यही बसेर सङ्गठनको निम्ति काम गरौँ भन्नुभयो । उहाँले नेक्राविसङ्घको स्थापना भारतले नेपालको भूमि सुस्ता अतिक्रमणको विरोधमै भएको बताउनुभयो ।

नेक्राविसङ्घ अम्मरपुर एकाइ समितिका अध्यक्ष ओविन नेपालीले विद्यार्थीहरू राजनीतिमा रुचि नभएकाहरूलाई बिस्तारै राजनीतिमा रुचि बढाउनु विभिन्न किसिमका विद्यार्थीका रुचिअनुसारका कार्यक्रमहरू गरी राजनीतिकरूपमा सचेत पार्न सकिने


***बाँकी पृष्ठ ८ मा***



**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भनपा २, ब्यासी, भक्तपुर

**सहुलियत दरमा कम्पोस्ट मल बिक्रीसम्बन्धी सूचना**

उपरोक्त विषयमा भक्तपुर नगरपालिकाबाट उत्पादित कम्पोस्ट मल २० किलोको प्रतिबोरा रु.३५०।- मा सर्वसाधारणको लागि बिक्री भइरहेकोमा कृषकहरूलाई मध्यनजर गरी सहुलियत दरमा २० किलोको प्रतिबोरा रु.२००।- मा उपलब्ध गराउने भनी निर्णय भएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**भक्तपुर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

ब्यासी-२, भक्तपुर

**योमारी उत्सवसम्बन्धी सूचना**

ऐतिहासिक एवम् सांस्कृतिक उत्सव योमारी पूर्णिमाको अवसरमा यस नगरपालिकाको आयोजनामा योमारी उत्सव गर्ने जानकारी गराउँदै उत्सवमा योमारी प्रदर्शनी तथा प्रतियोगिता हुने हुँदा इच्छुक व्यक्ति/संस्था/समूहलाई सम्बन्धित वडा कार्यालय वा भ.न.पा. प्रशासन शाखामा कार्यालय समयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र नाम दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ ।

***योमारी उत्सव गर्ने मिति : २०८२ मङ्सिर २० गते, शनिबार***



**सांस्कृतिक र्‍याली सुरु हुने**
**स्थान** : इनाग:, भ.न.पा.१
**समय** : दिनको १:०० बजे
**योमरी उत्सव हुने स्थान** : दत्तात्रय, भ.न.पा.९
**समय** : दिनको २:०० बजे



**योमारी प्रतियोगितासम्बन्धी नियमहरू :**

१) प्रतियोगितामा सहभागी हुन चाहने नगरवासी व्यक्ति, संस्था, समूहले दर्ता शुल्क रु.१००।- तिरी नगरपालिकाको प्रशासन शाखा, ब्यासी वा सम्बन्धित वडा कार्यालयमा मिति २०८२ मङ्सिर १५ गतेभित्र कार्यालय समयमा दर्ता गर्नुपर्ने ।
२) प्रत्येक प्रतियोगी टोलीले न्यूनतम ८ इन्च उचाइको बढीमा ३ वटासम्म योमारी बनाई प्रदर्शन गर्नुपर्ने
३) योमारी बनाउन आवश्यक सामग्रीहरूको व्यवस्था प्रतियोगी आफैले गर्नुपर्ने ।
४) योमारी मौलिक शैलीको हुनुपर्नेछ ।
५) मूल्याङ्कनकर्ताहरूबाट हुने मूल्याङ्कनको आधारमा प्रथम, द्वितीय, तृतीय र सान्त्वनालाई देहायबमोजिम रकम पुरस्कार प्रदान गरिने छ ।

- प्रथम पुरस्कार - रु. १०,०००/-
- द्वितीय पुरस्कार - रु. ७,५०० /-
- तृतीय पुरस्कार - रु. ५,०००/-
- सान्त्वना पुरस्कार - रु. ३०००/- (दुई टोलीलाई)

# काठमाडौँ तारकेश्वरस्थित लालीगुराँस नेसनल एकेडेमीका विद्यार्थीहरू भक्तपुर अध्ययन भ्रमणमा



काठमाडौँ, १४ मङ्सिर । काठमाडौँ तारकेश्वरस्थित लालीगुराँस नेसनल एकेडेमीमा कक्षा ६ मा अध्ययनरत विद्यार्थीहरूले भक्तपुर अध्ययन भ्रमणको क्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग साक्षात्कार गरेका छन् ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले विद्यार्थीहरूले सानै उमेरदेखि नै पढाइसँगै असल व्यवहार पनि सिक्नुपर्ने बताउनुभयो । राम्रो बानी व्यहोरा भएका भाइबहिनीहरूलाई सबैले मन पराउने हुँदा असल आचरण सिक्नुपर्छ भन्नुभयो ।

उहाँले भक्तपुरको भौगालिक अवस्था, कला संस्कृति, सम्पदा संरक्षण, शैक्षिक अवस्था, सरसफाइलगायतका क्षेत्रमा गरिरहेका गतिविधिहरूबारे अवगत गराउँदै भक्तपुरलाई सफा, आकर्षक र पर्यटकीय गन्तव्यस्थल बनाउने लक्ष्यका साथ अगाडि बढिरहेको बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित कलेजहरूले देशको लागि आवश्यक उत्कृष्ट जनशक्ति उत्पादन गरिरहेको बताउँदै नपाले प्रदान गर्दै आएको शैक्षिक ऋण र छात्रवृत्तिले देशभरिका विद्यार्थीहरू लाभान्वित भएको प्रमुख प्रजापतिले बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत वसन्त भट्टराईले भक्तपुरका सम्पदाहरू अवलोकन गर्न देश विदेशबाट पर्यटकहरू आउने क्रम बढिरहेको बताउँदै भक्तपुर नपाले नगरका सबै विद्यालयमा स्थानीय पाठ्यक्रम अध्ययन अध्यापन गराइरहेको तथा सो पाठ्यक्रममा भक्तपुर विशिष्ट व्यक्तिहरूको जीवनी, कला संस्कृति, जात्रा पर्वलगायतका पाठ्यसामग्रीहरूको पठनपाठन गर्दै आएको बताउनुभयो ।

लालीगुराँस नेसनल एकेडेमीका शिक्षिका सृजना वाग्लेले भक्तपुरको शैक्षिक अध्ययन भ्रमण गर्न पाएकोमा खुसी व्यक्त गर्दै नगरपालिकाले सबै क्षेत्रमा उत्कृष्ट काम गरिरहेको बताउनुभयो ।

विद्यालयका १४० जना विद्यार्थीको सहभागिता रहेको सो कार्यक्रममा प्रमुख प्रजापतिले विद्यालयका शिक्षकमार्फत नपाका प्रकाशनहरू उपहार स्वरूप प्रदान गर्नुभयो ।

# शिक्षक बुद्धिचालमा तारा र नवीन प्रथम



भक्तपुर, १४ मङ्सिर । आधारभूत विद्यालय समिति, भक्तपुरको वार्षिक कार्यक्रम तालिकाअनुसार गणेश माध्यमिक विद्यालय भार्वाचोको संयोजनमा आइतबार शिक्षक बुद्धिचाल सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले समाज परिवर्तन गर्न शिक्षक, बुद्धिजीवीहरूको महत्त्वपूर्ण योगदान हुने चर्चा गर्दै विद्यार्थीको स्तर वृद्धि गर्न शिक्षकहरूले समयसापेक्ष स्तरोन्नति गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाले विद्यालय खेलकुदलाई सुधार गर्न हरेक वर्ष नगरस्तरीय विद्यालय खेलकुद प्रतियोगिता गर्दै आएको र यस वर्ष पनि मङ्सिर २५ देखि सुरु हुने विभिन्न खेलकुद प्रतियोगितामा विद्यालयहरूको सहभागिता रहने बताउँदै प्रतियोगिताले मित्रता, अनुशासन र स्वस्थ शरिर निर्माण गर्ने बताउनुभयो ।

आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फोजूले समितिको स्थापनादेखि नै विद्यार्थी, शिक्षक र विद्यालयको स्तरोन्नतिका लागि विभिन्न क्रियाकलापहरू गर्दै आएको बताउँदै शिक्षक बुद्धिचालले शिक्षकहरूबिच आपसी सम्बन्धमात्र नभई विद्यालयबिच समन्वयात्मक विकासमा समेत टेवा पुग्ने बताउनुभयो ।

गणेश माविका प्रधानाध्यापक गणेशराम थुसाको सभापतित्वमा सम्पन्न कार्यक्रममा सहायक प्रअ लक्ष्मीसुन्दर सुवाल, शिक्षक रत्नप्रसाद फैजू र आर्विटर प्रवेश प्रजापतिले बोल्नुभयो ।

स्विस लिगका आधारमा सञ्चालित प्रतियोगितामा तारा माविका विनोद कासुला प्रथम, गणेश मावि भार्वाचोका सुयोग ध्वजू द्वितीय, सिद्धि शारदा आविका कृष्णप्रसाद सुवाल तृतीय र द्योला आविका प्रेमनाथ सुवाल सान्त्वना हुनुभयो भने महिलातर्फ नवीन आविका राज्यलक्ष्मी सैजू प्रथम, गणेश माविका सचिता बनमाला द्वितीय, भीम आदर्श आविका उर्मिला प्रजापति तृतीय र समाज सुधार माविका मीना प्रजापति सान्त्वना हुनुभयो ।

# शिक्षा विकास निर्देशनालय वाग्मती प्रदेश र १९ वटा सामुदायिक विद्यालयबिच सम्झौता

मकवानपुर, १४ मङ्सिर । शिक्षा विकास निर्देशनालयको आयोजनामा नमुना विद्यालय गुरुयोजनाको आधारमा सुदृढीकरण अनुदान सम्झौता तथा अभिमुखीकरण कार्यक्रम सम्पन्न भयो ।



कार्यक्रममा शिक्षा विकास निर्देशनालय हेटौँडा वाग्मती प्रदेशका महाप्रबन्धक गोपालप्रसाद खरेलले सामुदायिक विद्यालयहरू खस्किँदै गयो भन्ने जनधारणामा परिवर्तन ल्याउन बाध्य बनाएको बताउनुभयो । उहाँले विभिन्न विद्यालयको राम्रो असल अभ्यास अन्य विद्यालयहरूले ग्रहण गर्ने अवसर प्राप्त भएको र विभिन्न विद्यालयले सामाजिक र भौगोलिक विविधताको आधारमा ग्रहण गरेका अनुभवहरू आदानप्रदान गर्ने अवसरको रूपमा रहेको बताउनुभयो ।

सहभागी विद्यालयहरूको तर्फबाट वागीश्वरी माध्यमिक विद्यालय भक्तपुरका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रवीन्द्र ज्याखवले विभिन्न विद्यालयहरूको प्रगतिमा भौगोलिक, सांस्कृतिक र राजनीतिक पक्षले अहम् भूमिका खेल्ने बताउनुभयो ।

देशमा विद्यार्थीहरूको सङ्ख्याको आधारमा विद्यालय मर्ज गर्ने सरकारको नीति गलत रहेको उल्लेख गर्दै वागीश्वरी माध्यमिक विद्यालयले आफ्नो विद्यालयमा मर्ज गरेको विद्यालयहरूलाई सबल बनाउन अभिभावकीय भूमिका खेलेको बताउनुभयो । उहाँले सबल विद्यालयहरूले कमजोर विद्यालयलाई सबल बनाउनुपर्छ भन्ने कुरालाई व्यवहारमा कार्यान्वयन गरेको बताउनुभयो ।

उहाँले विद्यालयको प्रगति र सुधारमा समाजका विभिन्न पक्षको भूमिका रहने उल्लेख गर्दै सरोकारवालाको सहकार्यमा विद्यालयको विकास र प्रगति हुने बताउनुभयो ।

कार्यक्रममा शिक्षा विकास निर्देशनालयका निर्देशक ताराकुमारी मैनालीले शैक्षिक अभिवृद्धि गर्न, गुणस्तरीयता अभिवृद्धि गर्न र विद्यालयहरू नमुना छनोटमा पर्नु आफैमा सकारात्मक रहेको बताउनुभयो ।

कार्यक्रममा वाग्मती प्रदेशका १९ ओटा विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सहायक प्राध्यापक र शिक्षक कर्मचारीहरूको उपस्थिति थियो । कार्यक्रममा १९ वटा विद्यालय र शिक्षा विकास निर्देशनालयबिच सम्झौता सम्पन्न गरिएको थियो । वाग्मती प्रदेश नमुना विद्यालय कार्यक्रमअन्तर्गत भक्तपुरको वागीश्वरी माध्यमिक विद्यालय च्याम्हासिंहको पनि सहभागी थियो ।

# पर्यटकको भीड अवसर र चुनौती पनि

***- नविना खड्का, प्रशिक्षार्थी***

भक्तपुर । पछिल्लो केही वर्षयता नगरकोट क्षेत्रमा नयाँ-नयाँ पर्यटन आकर्षण थपिन थालेका छन् । तीमध्ये सबैभन्दा धेरै चर्चा कमाएको स्थल हो 'नगरकोट रानी झूला' । मनमोहक पहाडी भू-दृश्य, हरियाली जङ्गल र रोमाञ्चक झूलाको अनुभवका कारण रानी झूला छोटो समयमै आन्तरिक पर्यटकहरूको मन जित्न सफल भएको छ ।

विशेषगरी युवायुवती, परिवार, साहसिक अनुभव खोज्ने समूह र सामाजिक सञ्जालमा फोटो-भिडियो प्रचलित बनाउने पर्यटकहरूको रोजाइमा यो स्थल पर्न थालेको छ । यात्रीहरूले झूलामा बसी फोटो खिच्ने, छोटो भिडिओ बनाउने, दृश्य अवलोकन गर्ने, वरिपरि हिँड्ने, नजिकै बनाइएका काठका ब्यु-डेकमा समय बिताउने जस्ता गतिविधि सहजै गर्न सक्छन् । हालैका महिनामा यहाँ दैनिक सयौँ आन्तरिक पर्यटक पुग्न थालेका छन् । विशेषगरी बिदाको दिन र शनिबार झन् भीड बढ्छ । स्थानीय व्यवसायीहरू भन्छन्, "रानी झूला खुलेपछि नगरकोटमा पर्यटकको बसाइँ अवधि केही बढेको छ ।"

तर, भीडसँगै सुरक्षा चुनौती पनि बढेको छ । कतिपय पर्यटकले झूलामा अव्यवस्थित रूपमा चढ्ने-उत्रने, झूला बलपूर्वक हल्लाउने, फोटो खिचन जोखिमपूर्ण कोणबाट उभिने जस्ता गतिविधिले दुर्घटना हुने जोखिम बढाएको स्थानीयहरूको गुनासो छ ।

आकर्षण बढ्दै गए पनि पूर्वाधार, व्यवस्थापन, सुरक्षा तथा सरकारी समन्वयको अभावले रानी झूलाको भविष्य चुनौतीपूर्ण बन्दै गएको स्थानीयहरूको भनाइ छ । रानी झूलामै पुग्नको लागि आवश्यक सडक पूर्वाधार कमजोर छ । कतिपय खण्डमा बाटो साँघुरो छ, कतै ढुङ्गामाटो, कतै हिलो र कतै वर्षायाममा चल्नै नसक्ने अवस्था हुन्छ । पर्यटक बढ्न थाले पनि त्यसअनुसारको संरचना निर्माण, यातायात सुधार, सुरक्षा मापदण्ड, फोहोर व्यवस्थापन, पार्किङ र सूचना प्रणालीमा अझै कमजोरी देखिएको छ ।

रानी झूलाको संरक्षण, विस्तार र व्यवस्थापन अहिलेको सबैभन्दा ठुलो आवश्यकता हो । जसले नगरकोटको पर्यटन भविष्य सुरक्षित र उज्ज्वल बनाउनेछ ।

# नेवारी कला, संस्कृति जोगाउन यःमरी महोत्सव

तानसेन (पाल्पा), १४ मङ्सिर । तानसेनस्थित टक्सारटोलमा यःमरी महोत्सव मनाइएको छ । तानसेन नगरपालिका र वडा कार्यालयको सहयोगमा मैत्री क्लब टक्सारले नेवारी कला, संस्कृति जोगाउन एकदिने महोत्सव आयोजना गरेको हो ।

पछिल्लो समय स्थानीय परिकार, वेशभूषा कला, संस्कृति, परम्परा, संस्कार हराउँदै गएको अवस्थामा पहिचान जोगाउँदै इतिहासबारे युवापुस्तामा जानकारी गराउन महोत्सव गरिएको क्लबले जनाएको छ । नेवारी परम्पराअनुसार मङ्सिर पूर्णिमाका दिन नयाँ धान भित्र्याएपछि घरभित्र धानको भकारी बनाउने, धानको भकारीलाई विधिवत रूपमा गशेण, शिवलगायत भगवान्को स्वरूप बनाएर पूजाआजा गर्ने र नयाँ धानको यःमरी बनाएर खाने र खुवाउने चलन रहेकाले नेवारी कला, संस्कृति बचाउन महोत्सवको आयोजना गरिएको क्लबका पूर्वअध्यक्ष बेशान्तर शाक्यले बताउनुभयो ।

यःमरी नेवारी समुदायले मात्र बनाउने र बढी मात्रा खाने प्रचलन छ । 'य' भनेको नेवारी भाषामा मनपर्ने मरी भनेको रोटी अर्थात् मनपर्ने रोटीका रूपमा नेवारी समुदायमा लिने गरिन्छ । यःमरी चाकु, गुँड, खुवा र तिललाई चामलो पीठोभित्र राखेर पकाइन्छ र तातो खाने गरिन्छ । महोत्सवमा २५ कक्ष रहेका थिए । जहाँ दर्शकले स्वादअनुसारका विभिन्न परिकारको उपभोग गरेका थिए । ***(रासस)***

# ख्वप कलेजमा उद्यमशीलता प्रवर्द्धन प्रशिक्षण सुरु

भक्तपुर, १४ मङ्सिर । ख्वप इन्कुवेसन ल्यावको आयोजनामा ख्वप कलेजमा उद्यमशीलता दोस्रो कोहर्ट प्रशिक्षण तालिम सुरु भयो ।

विद्यार्थीहरूलाई अध्ययनको साथै उद्यमी बन्न प्रेरित गर्ने उद्देश्यले ख्वप इन्कुवेसन ल्याबले मङ्सिरको १४ देखि १९ गतेसम्म स्नातक तहदेखि स्नातकोत्तर तहसम्मका विद्यार्थीहरूलाई प्रशिक्षण गर्ने भएको छ ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपमेयर तथा ख्वप सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले युवा विद्यार्थीहरू सक्रियरूपमा उद्यमशीलतामा लागेमा मात्र देशको आर्थिक विकास हुने बताउनुभयो । सामान्य कुरालाई पनि अध्ययन तथा अनुसन्धान गरी व्यवसायको सुरुवात गरी आयआजर्न गर्न सकिने र अरुलाई समेत रोजगारी दिन सक्नेबारे उहाँले जोड दिनुभयो ।

कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले विद्यार्थीहरू उद्यमशील बन्नुपर्ने र कलेजले आवश्यक सहयोग गर्नेबारे बताउनुभयो ।

आइडिया स्टुडियोका प्रमुख डा. छिरिङले पाठ्यपुस्तकबाट समाजसम्म पुगी उद्यमशीलताको विकास गर्नुपर्नेबारे बताउनुभयो । ख्वप इन्कुवेसन ल्यावका संयोजक अन्जु ग्वाछाले कार्यक्रमबारे प्रकाश पार्नुभएको थियो भने सदस्य उपप्राध्यापक प्रकाश नायभारीले पनि बोल्नुभएको थियो ।

## सङ्क्षिप्त समाचार

# स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेहरू पक्राउ

चितवन, १४ मङ्सिर । माडी नगरपालिकास्थित बघौडा अस्पतालका चिकित्सक तथा स्वास्थ्यकर्मीमाथि आक्रमण गर्नेलाई पक्राउ गरिएको छ । गत बिहीबार राति १०:१५ बजेको समयमा चार/पाँच जनाको समूहमा आएका युवाले आक्रमण चिकित्सक स्वास्थ्यकर्मीमाथि आक्रमण गरेका थिए ।

इलाका प्रहरी कार्यालय माडीका प्रहरी निरीक्षक किरण राईले अस्पतालले शुक्रबार निवेदन दिएपछि चारजना आरोपीलाई पक्राउ गरिएको जानकारी दिनुभयो । पक्राउपर्नेमा माडीका किरण खाती, सङ्गम तिवारी, विकास गुरुङ र प्रकाश गौतम रहेका छन् । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

प्रहरी निरीक्षक राईले भन्नुभयो, "चिकित्सकहरूले कुटपिटमा मुद्दा चलाउने भन्दै हुनुहुन्छ, कुटपिटको मुद्दा सिधैँ अदालतबाट चल्छ ।" बघौडा अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा. धीरञ्जनकुमार साहका अनुसार मङ्सिर ११ गते राति १०:१५ बजेको समयमा अस्पताल परिसरभित्रै आक्रमण भएको हो । युवाले मादक पदार्थ सेवन गरी आक्रमण गरेको उहाँको भनाइ छ । डा. साहका अनुसार डा. दीपेन्द्र विश्वास, डा. देवेन्द विश्वास, हे.अ. अनुप सुवेदी, कविराज तिवारीलगायत चिकित्सक स्वास्थ्यकर्मीमाथि घाउचोट हुने गरी कुटपिट भएको छ । उनीहरूले अपशब्द बोल्दै गालीगलौजसमेत गरेको उहाँले जानकारी दिनुभयो ।

नेपाल चिकित्सक सङ्घ चितवनका वरिष्ठ उपाध्यक्ष डा. दीपेन्द्र न्यौपानेले दोषीलाई कानुनअनुसार हदैसम्मको कारबाही हुनुपर्ने बताउनुभयो । *(रासस)*

# बझाङमा ४.४ रेक्टर स्केलको भूकम्प

बाजुरा, १४ मङ्सिर । आज मध्यान्हन १२ बजेर ९ मिनेट जाँदा बझाङको सैपाल आसपास केन्द्रबिन्दु भएर भूकम्पको धक्का महसुस गरिएको छ । छिमेकी जिल्ला बझाङको सैपाल हिमालमा केन्द्रबिन्दु बनाएर चार दशमलव चार रेक्टरस्केलको भूकम्प गएको भूकम्प मापन केन्द्र सुर्खेतले जनाएको छ ।

सैपाल हिमालमा केन्द्रबिन्दु बनाएर गएको भूकम्पले बाजुरामा पनि धक्का दिएको छ । पश्चिमी क्षेत्रमा भूकम्प आउन थालेपछि स्थानीय त्रसित बनेका छन् । भूकम्पीय जोखिममा रहेको सुदूरपश्चिम प्रदेशको बाजुरा, बझाङसहित आसपासका स्थानीय त्रसित भएका छन् ।

भूकम्पको धक्का महसुस गरिएपछि सतर्कता अपनाउन जिल्ला प्रशासन कार्यालय बाजुराले सबैमा आग्रह गरेको छ । विपद् कुनै बाजा बजाएर नआउने भएकाले भूकम्पसहितका प्राकृतिक विपद्बाट जोगिन सजग र सतर्कता अपनाउन प्रशासनले आग्रह गरेको हो । *(रासस)*

# पाकिस्तानी दूतावासको सहयोगमा ज्ञानोदयमा कम्प्युटर प्रयोगशाला निर्माण

काठमाडौँ, १४ मङ्सिर । नेपालस्थित पाकिस्तानी दूतावासको सहयोगमा काठमाडौँको बाफलस्थित ज्ञानोदय माध्यमिक विद्यालयमा कम्प्युटर प्रयोगशाला निर्माण भएको छ ।

नेपालका लागि पाकिस्तानका राजदूत अब्रार एच हाशमीले शनिबार नवस्थापित प्रयोगशालाको उद्घाटन र हस्तान्तरण गर्नुभयो । उहाँले पाकिस्तानका जनताबाट प्राप्त सहयोगका आधारमा नेपालमा शिक्षा र डिजिटल सिकाइको लागि निरन्तरताका लागि साथ दिइएको बताउनुभयो ।

कार्यक्रममा पूर्वगभर्नर डा. दीपेन्द्रबहादुर क्षेत्री, काठमाडौँ महानगरपालिकाको वडा नम्बर १३ का अध्यक्ष धुवनारायण मानन्धर, जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख डा. शमन्तमणि आचार्य, महाजगरको शिक्षा विभागका प्रमुख केशव ज्ञवालीलगायत सहभागी हुनुहुन्थ्यो ।

विद्यालयकी प्रधानाध्यापक विष्णु घिमिरे रिमालले विद्यालयलाई शिक्षण सहयताको रूपमा नवनिर्मित प्रयोगशालामा ४०२ ब्रान्ड नयाँ कम्प्युटर, नयाँ फर्निचरलगायत सामग्री रहेका छन् । *(रासस)*


## हार्दिक समवेदना



जन्म
२०१४/०४/०४

निधन
२०८२/०७/०१

नेमकिपा वंशगोपाल समितिका सचिव राजन अवालका पूजनीय पिता **मधुसुदन अवालको** दुःखद निधन भएको आज ४५ औँ दिनको पुण्यतिथिमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
**नेपाल क्रान्तिकारी किसान सङ्घ**
**नेपाल क्रान्तिकारी महिला सङ्घ**
**नेपाल क्रान्तिकारी डकर्मी सङ्घ**
**नेपाल क्रान्तिकारी युवा सङ्घ**
**नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घ**

३ वडा वंशगोपाल समिति, भक्तपुर




**अन्नपूर्ण हिमशृङ्खला :** कास्कीको मादी गाउँपालिका-२ मा पर्ने रूपु डाँडाबाट देखिने अन्नपूर्ण हिमशृङ्खला । पछिल्लो समय यहाँ दृश्यावलोकन गर्न आउने पर्यटकको सङ्ख्या दिनप्रतिदिन बढेको छ । *तस्बिर: युनिश गुरुङ/रासस*

# विषादी परीक्षण केन्द्र सञ्चालन

पाटन (ललितपुर), १४ मङ्सिर । ललितपुर महानगरपालिका-३ कार्यालयले विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याएको छ । आफ्नो वडा कार्यालयभित्र बिक्री हुने तरकारी तथा फलफूलमा प्रयोग भएको विषादीको परीक्षण गर्न वडा कार्यालयले झम्सिखेलस्थित ठाडोढुङ्गामा रहेको 'हाम्रो घर' मा विषादी परीक्षण केन्द्रको सुरुआत गरेको हो ।

परीक्षण केन्द्रको उद्घाटन गर्दै ललितपुर महानगरप्रमुख चिरीबाबु महर्जनले विषादीयुक्त तरकारी तथा फलफूलको प्रयोगका कारण नगरवासी रोगी हुँदा समस्या सृजना हुने भन्दै यसका लागि विषादी परीक्षण केन्द्र उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

"नगरवासी रोगी हुँदा यहाँको उत्पादकत्व र जीवनशैलीमा प्रभाव पर्छ, यहाँका नागरिक रोगी भए भने यो महानगर स्मार्ट सिटी हुन सक्दैन, महानगरवासी निरोगी हुँदामात्र समृद्ध र सुखी महानगर कायम रहन सक्छ", उहाँले भन्नुभयो ।

महानगरप्रमुख महर्जनले हरियाली कायम गर्ने काममा महानगरको सडकका दायाँबायाँ रुख रोपेर हरियाली कायम गरेर यहाँको वातावरणलाई सफा र स्वच्छ बनाउने प्रयत्न गरेको बताउनुभयो । जाडोयाममा प्रविधिको प्रयोग गरेर सडक वरपरका सडकलाई पानी दिने र पखाल्ने काम गरेका छौँ भने भूकम्पले क्षति पुऱ्याएका सबै मठमन्दिर, देवालय, शिवालयको मर्मतसम्भार गरेका छौँ भन्नुभयो ।

राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष महाश्रम शर्माले वडाका हरेक क्रियाकलापमा आफूनिकट रहेको जानकारी गराउँदै शिक्षा र स्वास्थ्यको क्षेत्रमा राम्रो काम गरेर वडावासीलाई उत्साह भर्ने काम वडाले गरिरहेको धारणा राख्नुभयो । अध्यक्ष शर्माले बालबालिकालाई नैतिक शिक्षाको ज्ञान दिलाउँदै उनीहरूले प्राप्त गरेको सीपलाई व्यवहारमा उतार्न सिकाउँदै संस्कृति र सम्पदालाई जगेर्ना गर्न सिकाउनुपर्ने आवश्यकता रहेकामा जोड दिनुभयो ।

ललितपुर-३ का अध्यक्ष गोपाल महर्जनले वडावासीले प्रयोग गर्ने हरेक खाद्य सामग्रीमा भएको विषादीले मानिसलाई रोगी बनाएको भन्दै तरकारी र खाद्य पदार्थमा विषादी भए/नभएको परीक्षण गरेरमात्र उपयोग गर्न विषादी परीक्षण केन्द्र सञ्चालनमा ल्याइएको बताउनुभयो । उहाँले वडाभित्र व्यापार गर्ने तरकारीमा विषादीको परीक्षण गरेर अत्यधिक विषादी भएको पाइएमा कानुनअनुसार कारबाही गर्ने बताउनुभयो । कार्यक्रममा गत वर्ष एसईई उत्तीर्ण गर्ने १७ तथा कक्षा १२ उत्तीर्ण गर्ने आठ जनालाई सम्मान तथा पुरस्कृतसमेत गरिएको थियो । *(रासस)*

# बनेपा–हेटौँडा बस सञ्चालनमा आएपछि आवागमनमा सहजता

काभ्रेपलाञ्चोक, १४ मङ्सिर । काभ्रेपलाञ्चोकको मुख्य व्यापारिक नगर बनेपाबाट बागमती प्रदेशको राजधानी हेटौँडासम्म बस सेवा सञ्चालन गरेपछि यात्रुलाई सहजता भएको छ । योसँगै बनेपाबाट हेटौँडासम्म जानका लागि विभिन्न मार्ग हुँदै घुमाउँरो सडकबाट जानुपर्ने बाध्यतासमेत हटेको छ ।

जिल्लावासीको मागलाई ध्यानमा राखी काभ्रे-पुन्यवती यातायात प्रालि पनौतीले यही मङ्सिर १ गतेदेखि बस सेवा सञ्चालन गरेको हो । बनेपा-हेटौँडा करिब एक सय १० किलोमिटर लम्बाइको दूरीमा अधिकांश सडक कच्ची छन् । यो सेवा प्रभावकारी देखिएपछि बस थप्ने योजना बनाइएको प्रालिले जनाएको छ ।

स्थानीयवासीको माग र वडा कार्यालयको सिफारिसपछि सञ्चालनमा आएको उक्त क्यूबसले बनेपाबाट पनौती हुँदै धुङ्खुर्क, च्याम्राङबेँसी, सुकमफेदी, सिलिडे, हुचिटार, बेतीनी, साइटार, फापरवारी, हात्तीसुडे, फर्केचौर, छतिउन, चिसापानी हुँदै हेटौँडासम्म नियमित सेवा दिँदै आएको बेथानचोक गाउँपालिका-१ का वडाध्यक्ष मधुसुदन तिमल्सिना जानकारी दिनुभयो ।

उक्त यातायात प्रालिलाई पत्र पठाएर बस सञ्चालनका लागि सहयोग गर्न अनुरोध गरेपछि बनेपा-हेटौँडा सेवा सञ्चालनमा ल्याइएको हो । प्रालिले सेवाको आवश्यकता र प्रभावकारिता हेर्दै आगामी पुसदेखि बस थप्ने योजना बनाएको छ", उहाँले भन्नुभयो ।

वडाध्यक्ष तिमल्सिनाका अनुसार बागमती प्रदेशअन्तर्गतको चितवनस्थित नारायणी यातायात सेवाले समेत बनेपा-हेटौँडा खण्डमा थप बस सेवा सञ्चालन गर्ने प्रक्रिया थालेको छ । जिल्लाका जनप्रतिनिधिले सम्बन्धित निकायलाई उक्त खण्डमा अनुमति दिनेलगायत आवश्यक प्रक्रिया पूरा गरिदिन आग्रह गर्दै आएका छन् ।

यसैबिच, बस सेवा सञ्चालन गरेसँगै प्रदेश राजधानीमा कार्यालय, व्यापारिक तथा व्यक्तिगत कामका लागि यात्रा गर्न सहज भएको स्थानीय बताउँछन् । च्याम्राङबेँसीलाई केन्द्र मानेर सञ्चालनमा आएको यो बस सेवाले काभ्रेपलाञ्चोक र हेटौँडाबिचको आवतजावत सहज बनाएको च्याम्राङबेँसीका सन्तोष दाहालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यसअघि, च्याम्राङबेँसीबाट हेटौँडा जान चार वटासम्म यातायात फेर्नुपर्ने बाध्यता थियो । यसले समय र खर्च पनि बढी लाग्थ्यो । अहिले बससेवा सञ्चालनपछि आवागमन सहज हुनुका साथै समय र खर्चको बचत भएको छ ।" *(रासस)*

# आगलागीका घटनामा वृद्धि

काठमाडौँ, १४ मङ्सिर । राष्ट्रिय विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार, मङ्सिर ११ गते बिहान १० बजेदेखि १२ गतेको बिहान १० बजेसम्म देशभर कूल १७ वटा विपदका घटना भए । विपदमा परेर कूल ४९ लाख १८ हजार पाँच सय बराबरको क्षति भयो ।

कूल विपदका घटनामध्ये सबैभन्दा बढी १४ आगलागीका घटना थिए । त्यसदिन झापा जिल्लामा मात्रै चार आगलागीका घटना भएका थिए । कैलालीमा दुई तथा मोरङ, सङ्खुवासभा, रौतहट, बारा, काठमाडौँ, नवलपरासी पश्चिम, जुम्ला र कञ्चनपुरमा एक/एक आगलागीका घटना भएका थिए । चिसो बढ्दै गए पनि आगलागीका घटनामा वृद्धि भएको छ ।

प्राधिकरणका अनुसार, मङ्सिर १० गते बिहान १० बजेदेखि ११ गतेको बिहानसम्म कूल १७ वटा विपदमा घटना भए । त्यस दिन पनि १३ वटा आगलागीका घटना भएका थिए भने सप्तरी, बर्दियामा सर्पदंश र मोरङमा दुई वटा जनावर आक्रमणका घटना भएका थिए । मोरङमा तीन, सप्तरीमा दुई, सिरहा, सर्लाही, ललितपुर,कास्की, बाग्लुङ,पर्वत, कपिलवस्तु र रूपन्देहीमा आगलागीका घटना भए । त्यसदिन कूल १९ लाख ९६ हजार बराबरको क्षति भयो ।

प्राधिकरणका अनुसार, मङ्सिर नौ गते बिहान १० बजेदेखि १० गते बिहानसम्म कूल १३ विपदमा घटना भए । त्यसमा १० वटा आगलागीका मात्रै घटना भए । सोलुखुम्बुमा डढेलो, कञ्चनपुरमा सर्पदंश र पाँचथर र ताप्लेजुङमा जनावर आक्रमणका घटना भए । मोरङ, सुनसरी, दुई, झापा, ताप्लेजुङ, कास्की, दाङ र कञ्चनपुरमा आगलागीका घटना भएको प्राधिकरणले जनाएको छ । प्राधिकरणका अनुसार, विपदका कारण १८ लाख ४३ हजार बराबरको क्षति भयो ।

यस्तै, मङ्सिर ७ गते बिहानदेखि आठ गते बिहानसम्म कूल १८ वटा विपदका घटना भए । त्यसदिन झापामा सर्पदंश, सिन्धुपाल्चोक र हुम्लामा जनावर आक्रमणको घटना भएका थिए । सर्लाहीमा तीन, गुल्मीमा दुई तथा मोरङ, रौतहट, बारा, काठमाडौँ, कास्की, बाग्लुङ, कपिलवस्तु, बाँके र कैलालीमा एक एक आगलागीका घटना भए । त्यसदिन रु. ५० लाख आठ हजार बराबरको क्षति भएको थियो ।

सुक्खा मौसम शुरु भए लगत्तै देशव्यापी रूपमा आगलागीका घटनामा वृद्धि भएकाले सावधानी अपनाउन प्राधिकरणले आग्रह गरेको छ । छिट्टै आगो टिप्ने सामग्री नराख्न, ज्वलनशील पदार्थको पहुँचबाट टाढा रहन र आगजनीबाट जोगिन प्राधिकरणले सबैलाई आग्रह गरेको छ । *(रासस)*

। सम्पादकीय ।

# चीन संसारको लागि भरपर्दो देश

कुनै देश बलियो या शक्तिशाली हुनु नराम्रो होइन । देश शक्तिशाली भएर अरु देशमाथि आक्रमण गर्नु, सीमा मिच्नु राम्रो होइन । देश शक्तिशाली बनाएर अरु देशमा आक्रमण गर्छ, जनधनको क्षति पुऱ्याउँछ भने त्यो शक्तिको दुरूपयोग हो । शक्तिशाली देशले संसारका विभिन्न मुलुकमा आतङ्क मच्चाउने होइन; देशलाई असुरक्षित बनाउने होइन, अरु देशलाई आर्थिक सङ्कट निम्त्याउन नाकाबन्दी गर्ने होइन । हरेक देशको सरकारको काम बहुमत जनताको सेवा गर्नु हो; सेवा गर्न लागिपर्नु हो । कुनै पनि सरकारले बहुमत जनतामाथि शोषण गरेर, रजाइँ गरेर अल्पमत या शोषक, सामन्त र पुँजीपतिवर्गलाई सेवा गर्ने होइन । गरिबीविरुद्धको सङ्घर्षमा चीन सफल भयो । चीनलाई गरिबीमुक्त बनाउन चिनियाँ सरकार निरन्तर लागिरह्यो । चीनले गरिबीबाट मुक्त गरेको छ । चिनियाँ सरकारको यो सफलता विश्वको निम्ति अनुकरणीय बनेको छ ।

चीन आफ्नो देशको मात्र विकास गर्दैन । अरु विकासशील देशलाई विकास गर्न सहयोग गर्छ । संसारका सबै देशको विकास हुनुपर्छ भन्ने धारणा चीनको हो । तर, संयुक्त राज्य अमेरिका अरु देश विकास भएको हेर्न चाहँदैन; अरु देशको विकासमा बाधा हाल्छ । अमेरिकाले क्युवा र प्रजातान्त्रिक जनगणतन्त्रमा किन आर्थिक नाकाबन्दी गर्नुपर्‍यो । संसारका दर्जनौं देशमा किन सशस्त्रसहितको सेना राख्नुपर्‍यो ? अमेरिकी राष्ट्रपति अरु देशमा आक्रमण गर्छन्; नरसंहार गर्छन् र आफै शान्ति र वार्ताको उद्घोष गर्दै शान्ति पुरस्कारको पदवी माग्छन् । शक्तिको उन्मादको कारण अमेरिका र अमेरिकी सरकारको विश्वले विरोध गर्दै छ । साम्राज्यवाद अन्त्य नभएसम्म संसारका जनताले सुरक्षाको अनुभूति पाउने छैनन्; खुला दिलले विकास गर्ने अवसर पाउने छैनन् ।

नेपालमा प्रजातन्त्र स्थापना भएको दसकौं बित्यो । गणतन्त्र स्थापना भएको पनि १७ वर्ष बित्यो । तर, सरकारले उल्लेखनीय काम कुनै गर्न सकेन । सरकारले पुँजीपति, सामन्त प्रतिक्रियावादी, जमिनदारहरूको हितमा काम गऱ्यो । कमैया मुक्तले कमैयाहरू बिचल्लीमा परे । द्वैधस्वामित्वको अन्त्यले पुस्तौं जग्गा जोतेर पनि मोही कायम नभएका किसानहरूको जग्गा खोसियो । नेपाल र नेपालीको भन्दा विदेशी शक्ति राष्ट्रहरूको निम्ति फाइदा हुने असमान सन्धि सम्झौतामा हस्ताक्षर गरियो । देशलाई दूरगामी असर पर्ने नागरिकता विधेयक पारित गरियो । श्रमजीवीवर्गको हितमा काम गर्ने ऐन कानुन बनाउनेतर्फ ध्यान नै गएन । प्रतिक्रियावादी र पुँजीपतिहरूले त गरेनन् गरेनन्; आफूलाई कम्युनिस्ट दाबी गर्ने दलहरूले पनि गरेनन् । यसले सत्तामा गएका कम्युनिस्टहरू पुँजीपतिवर्गकै पक्षमा रहेछ भन्ने थाहा हुन्छ ।

चीन अरु देशलाई मित्रवत व्यवहार गर्छ; आक्रमण र थिचोमिचो गर्दैन बरु विकासमा टेवा पुऱ्याउँछ । यसकारण, विश्वमा चीनप्रतिको विश्वास बढ्दै छ । विकासमा साथ र सहयोग गर्ने चीनको नीतिले संसारका विकासशील देशहरूमा राम्रो छाप परेको छ । गरिबी न्यूनीकरण चिनियाँ सरकार, चिनियाँ पार्टी, सेना तथा समग्र देश र समाजको एकीकृत प्रयासको सफलता हो । चीनले हरेक क्षेत्रमा प्रगति गरेको छ । चीन नेपालजस्तो ऋणमा डुबेको छैन । चीन अमेरिकामा जस्तो भ्रष्टाचारीलाई छुट दिँदैन । विश्वका जनता अमेरिकाबाट आक्रान्त छन् । तर, चीन संसारको लागि भरपर्दो देश बनेको छ । चीन शान्ति, सुरक्षा र विकास चाहन्छ । साम्राज्यवादी देशहरूबाहेक चीन संसारकै मित्र देश बनेको छ । यस अर्थमा चीन विश्वको निम्ति मार्ग निर्देशक बनेको छ ।

# शाननान नगरपालिकाको सहकारी अभ्यासबाट केही सिक्ने कि ?

✍ रवीन्द्र ज्याख्व

नेपालमा अहिले जनस्तरमा सहकारी अभियानले व्यापकता पाएको छ । कम आयस्रोत भएका गरिब जनताले मासिक वा निश्चित अवधिमा थोरै थोरै रकम जम्मा गरी आफूलाई आवश्यकता पर्दा वा पारिवारिक, सामाजिक वा सांस्कृतिक जिम्मेवारी पूरा गर्न एकमुष्ट रकम झिक्न वा आवश्यकताअनुसार ऋण प्राप्त गर्न सहज माध्यम सहकारी बनेको छ । बालबालिका, महिला, ज्येष्ठ नागरिक र व्यवसायीहरूले समेत आर्थिक कारोबारका लागि सजिलो र आत्मीय संस्थाको रूपमा स्थानीय सहकारीहरूलाई लिन थालेको देखिन्छ ।

तर, यससँगै सहकारी संस्थाहरूका आर्थिक क्रियाकलापहरू पारदर्शी नभएको, बचतकर्ताहरूको रकम सञ्चालकहरूले



हिनामिना गरेको, सहकारी संस्थाहरू नै बन्द गरी सञ्चालकहरूले ठगी गरेको जस्ता समाचारहरू पनि दैनिकजसो आइरहेका छन् । विद्यमान सहकारी ऐन नियमहरूमा रहेका कानुनी छिद्रहरू ( Loop holes) बाट फाइदा उठाउँदै सहकारी सञ्चालकहरूले बचतकर्ताहरूको करोडौँ रकम ठगी गरेर भागेका छन् । सहकारी संस्थाहरूले बचत र ऋणको मात्र कार्य गर्दा जनताले बैङ्क र सहकारी संस्थामा फरक देख्न छाडेको यथार्थ हो । नेपाली सहकारी संस्थाहरूले



हातैले बुट्टा कुँद्दै कलाकार



राष्ट्रिय कलाकार पाईमा झातुई



उत्कृष्ट काष्ठकला

के साँच्चिकै सहकारीको अन्तर्राष्ट्रिय सिद्धान्तअनुसार काम गरिरहेका छन् त ? 'एकका लागि सबै र सबैका लागि एक,' यही नै सहकारी सिद्धान्त हो भन्ने सर्वसाधारणको बुझाइ हो । तर, नेपालमा सबैको बचत एकले बोकेर भाग्ने र तिनैले राजनैतिक आवरणमा संरक्षण पाउने विकृति बढेको छ ।

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेँ (रोहित) ले 'चिनियाँ जनकम्युन' पुस्तकमा सहकारी सिद्धान्त र चिनियाँ अभ्यासबारे सरल भाषामा लेख्नुभएको छ । उहाँले उत्पादनसँग जोडिएको सहकारी अभ्यासको उदाहरणसहित व्याख्या गर्नुभएको छ । समाजवादी राज्य व्यवस्थामा सहकारी संस्थालाई बचत र ऋण कारोबारमा सीमित गरिँदैन, बरु सहकारीमार्फत उत्पादन कार्य अघि बढाउँदै जनताको समग्र आर्थिक-सामाजिक प्रगतिमा योगदान गरिन्छ । त्यसैले सहकारी सदस्यहरू आफैँ कामदार र आफैँ मालिक हुन्छन् । सबै सदस्यहरू आर्थिक प्रगतिको प्रत्यक्ष हकदार बन्छन् ।

भक्तपुर नगरपालिकासँग भगिनी सम्बन्ध स्थापित जनवादी गणतन्त्र चीनको सिचाङ्ग स्वशासित क्षेत्र (तिब्बत) को शाननान नगरपालिकाका विभिन्न सहकारी संस्थाहरूको अवलोकन भ्रमण गर्दा त्यहाँको सहकारी अभ्यासका असल गुणहरू नेपाली समाजको लागि उपयुक्त हुने अपेक्षा गर्न सकिन्छ । यस लेखमा केही अभ्यासहरूको चर्चा गरिएको छ ।

**पहिलो उदाहरण : याङ्गा सुनौलो टोपी उत्पादन सहकारी**

शाननान नगरपालिकाको झानाङ्ग काउन्टी (Zhanang County) मा स्थानीय युवाहरूको सक्रियतामा याङ्गा सुनौलो टोपी उत्पादन सहकारी संस्था (Yangga Golden Hat Cooperative) सञ्चालन गरिएको छ । सन् २०१३ मा स्थानीय ८ जना युवाले परम्परागत टोपी र पोशाक निर्माण गर्ने उद्देश्यले स्थानीय पालिकामा सहकारी दर्ता गरेका रहेछन् । पालिकाको सबैभन्दा सानो एकाइलाई गाउँ भनिन्छ (नेपालमा वडा भनेजस्तै) । गाउँले सहकारी सञ्चालनको लागि जग्गा र त्यसमा भौतिक पूर्वाधार निर्माणमा सहयोग गरेको छ भने उक्त संरचनामा सहकारी सदस्यहरूले थोरै लगानी गरी मेसिन, कच्चा पदार्थलगायत जोरजाम गरेका छन् । न्याउरी मुसोजस्तै देखिने पुच्छरमा बाक्लो भुवा भएको जनावर (नेपालीमा भुँडेल भनिँदो रहेछ) स्क्वीरलको पुच्छर र छालाबाट विभिन्न आकार प्रकारका परम्परागत टोपी सिउँछन् । टोपीको बजारीकरणका लागि स्थानीय पालिकाले सहजीकरण गर्छ । टोपी सिउने सुनौलो धागो नेपालबाट आयात गरिँदो रहेछ । सहकारीबाट उत्पादित सुनौलो टोपी शाननान र ल्हासामा मात्र नभई चीनको मुख्य भूमि तथा नेपाल र भारतमा समेत बेच्ने गरेको सहकारी सदस्यहरूको भनाइ रह्यो । परम्परागत सामग्री र शैलीबाट निर्माण गरिएका पोशाक र टोपीको स्थानीय समुदायमा अत्यन्त माग भएको र हाल ५४ जना स्थानीय युवाहरू सहकारी सदस्य भई प्रत्यक्ष रोजगारीमा लागेको जानकारी दिइएको छ । सहकारीबाट प्राप्त नाफा सहकारी सदस्यहरूबिच बाँडिने वा पुन: पूजीकृत गर्ने उनीहरूको भनाइ छ । सहकारी संस्था अत्यन्त व्यवस्थित रूपमा चलाउनुका साथै उत्पादन पनि गुणस्तरीय रहेको बताइन्छ ।

**दोस्रो उदाहरण : काष्ठकला सहकारी**

झानाङ्ग काउन्टीमै काष्ठकला उत्पादन गर्ने सहकारी छ । लहरे पिपलको काठलाई लामो समय भण्डारण गरी उत्पादन गर्ने काष्ठकला अत्यन्त आकर्षक र बुट्टेदार रहेछन् । काठ वा धातुको मुङ्ग्रो (Hammer) प्रयोग नगरी हाते ज्यावलबाटै बुट्टा कोरेर बनाउने काष्ठकला उत्पादन भक्तपुरको काष्ठकलाभन्दा भिन्न देखिन्छन् । काष्ठकला उद्योगका राष्ट्रिय कलाकार पाईमा झातुई (Bai Ma Zhadui) को रेखदेख र प्रशिक्षणमा उक्त सहकारी सञ्चालित छ । स्थानीय युवाहरूले उक्त सहकारीमा बुट्टेदार काष्ठकला तथा आकर्षक फर्निचरहरू बनाउँछन् । ती उत्पादनहरू स्थानीय बजारमा मात्र नभई चीनभरि नै बिक्री वितरण गरिने उनीहरूको भनाइ छ । सहकारीमा काम गर्ने कर्मीहरूले पारिश्रमिक पनि पाउँछन् भने उत्पादन बिक्रीबाट भएको नाफा रकम पनि आपसमा समानुपातिक ढङ्गले बाँडिदो रहेछ । यसलाई सहकारीको उत्कृष्ट अभ्यास मान्न सकिन्छ ।

**तेस्रो उदाहरण : होचा स्याउ बगान**

ल्हासा सहरबाट शाननान जाने बाटोमा समुद्री सतहभन्दा ३७५० मिटर उचाइमा होचा स्याउ बगान (Dwarf apple farm) छ । होचो उचाइका रातो र धेरै फल्ने स्याउको बोटले भरिएको बगान अत्यन्त आकर्षक तथा संसारकै सबैभन्दा उचाइमा फल्ने स्याउ भएकोले




चीनको मुख्य भूमि र विदेशमा समेत धेरै माग भएको र स्याउको ब्राण्ड नै ३७५० राखिएको छ । त्यहाँ स्याउसँगै स्याउभन्दा ठुला आरुहरूको बगान पनि छ । आरु स्याउजस्तै मिठो र रसिलो रहेछ । स्याउ बगानमा सिँचाइको लागि ठुलो आकारको कृत्रिम पोखरी निर्माण गरिएको छ । १० वर्षअगाडि १५० रोपनीमा सुरु गरिएको स्याउ खेती अहिले ८०० जना जनशक्तिका साथ १५०० रोपनीमा फैलिएको छ । ६० प्रतिशत चिनियाँ सरकारको र ४० प्रतिशत स्थानीयको लगानीमा सञ्चालित उक्त स्याउ बगानमा प्रत्येक बोटबाट लगभग १५ किलो स्याउ उत्पादन हुने जानकारी दिइएको छ ।

**चौथो उदाहरण : अङ्गुर खेती**

साङ्ग्री गाउँ नजिकैको खोलाको बगरमा अङ्गुर खेती र फाझु रक्सी उद्योग (Pazhu Wine Industry) सञ्चालन गरिएको छ । शाननान सहरबाट आधा घण्टाको बस यात्रापछि साङ्ग्री अङ्गुर खेती पुगिन्छ । यसलाई संसारकै अग्लो ठाउँमा अङ्गुर खेती गरिएको भनी गिनिज बुक अफ वर्ल्ड रेकर्डमा अभिलेखीकरण गरिएको छ । १० हजार रोपनी बगरमा गरिएको अङ्गुर खेती अत्यन्त आकर्षक छ र अङ्गुर उत्पादन पनि प्रशस्तै हुनेरहेछ । विशुद्ध प्राङ्गारिक मलको प्रयोग गरिने उक्त खेतीमा दैनिक दुई सय जना कामदार कार्यरत रहेको जानकारी दिइएको छ । जग्गासहित सरकारको ४० प्रतिशत र स्थानीय जनताको ६० प्रतिशत लगानीमा सुरु गरिएको अङ्गुर खेतीको सुरुवाती लगानी ८० लाख चिनियाँ मुद्रा (RMB) थियो । त्यहाँ उत्पादित अङ्गुर बजारमा फलफूलको रूपमा पनि बिक्री गरिन्छ भने आफ्नै लगानीमा खुलेको फाझु रक्सी उद्योगमा पनि कच्चा पदार्थको रूपमा प्रयोग गरिन्छ । उक्त उद्योग अङ्गुर खेतीबाट अलिकति मात्र दूरीमा छ । ठुलो आकारमा सञ्चालित उद्योगबाट उत्पादित थरीथरीको स्वाद र ब्रान्डका अङ्गुरको वाइन चीनका विभिन्न स्थानमा बिक्री गरिन्छ ।



**पाँचौं उदाहरण : हरितगृह कृषि उत्पादन केन्द्र**

शाननान सहरबाट उत्तरपूर्वमा पर्ने छोङ्गयाई काउन्टीमा करिब ९०० रोपनी क्षेत्रफलमा प्राङ्गारिक आधुनिक हरितगृह कृषि उत्पादन केन्द्र (Vegetable Basket based in Qonggyai County) सञ्चालन गरिएको छ । कृषिमा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरिएको उक्त केन्द्रमा उमेरले ४० वर्ष नकटेका युवाहरू

*बाँकी पृष्ठ ७ मा*

# जारशाही संसद्मा बोल्शेभिक सांसद – २७

● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए । उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए । सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो । यसलाई चौथो ड्युमा/संसद् भनिन्छ । बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने । बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए ।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो । युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए । त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो ।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो । क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो । पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma) । यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा । यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो । अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ । सम्पादक)*




सम्मेलनले पार्टी सङ्गठनका सम्बन्धमा अति महत्त्वपूर्ण कार्यभार औँल्यायो । विभिन्न पार्टी एकाइहरूलाई बलियो पार्नु नै सबथोक होइन, बरु ती एकाइबिच संयोजन गरी एकताबद्ध पार्नु महत्त्वपूर्ण रहेको सम्मेलनले जोड दियो । यसका लागि जहाँ सम्भव हुन्छ, त्यहाँ क्षेत्रीय पार्टी सम्मेलन गर्ने र ती सम्मेलनमा केन्द्रीय समितिले प्रतिनिधि पठाउने तय भयो । त्यसैगरी पार्टीको नियमित अधिवेशन गर्नुपर्ने विषय पनि सम्मेलनमा उठ्यो ।

सदनमा सामाजिक जनवादी समूहको गतिविधिबारे हामी '६ बोल्शेभिक' ले प्रस्तुत गरेको प्रतिवेदन सम्मेलनमा छलफलको मुख्य केन्द्रबिन्दु थियो । क्राको सम्मेलनपछि सदनभित्र र बाहिर भएका गतिविधिबारे हामीले खुलेर बोल्न पायौँ । हाम्रो लागि यो नौलो अनुभव थियो । तैपनि, सदनलाई क्रान्तिकारी प्रचारको निम्ति हामीले गरिरहेको उपयोग पर्याप्त नभएको हामीलाई महसुस हुन्थ्यो । सम्मेलन सुरु हुनुभन्दा अगाडि नै हामीले हाम्रा गतिविधिबारे लेनिनसँग निजी कुराकानी गरेका थियौँ ।

मैले लेनिनसँग भनेँ, "विभिन्न मन्त्री र कालासय सांसदहरू मञ्चमा जाने कार्यक्रम भयो कि हामी विरोध प्रदर्शनको चाँजो मिलाइहाल्छौँ । तर, यति नै पर्याप्त छैन । मजदुरहरू सोध्छन् - सदनमा तपाईँले व्यवहारिक प्रस्ताव के राख्नुभयो त ? तपाईँले अघि सारेका कानुन खोइ ?"

सधैँझैँ लेनिनले हाँस्दै भन्नुभयो, "कालासयको बहुमत भएको सदनले मजदुरहरूको दिनदशा सुधार्ने कुनै कानुन पास गर्नेछैन । दिन प्रतिदिन मजदुरवर्ग सबल र सशक्त बन्दै छ, क्रान्तिको दिन टाढा छैन र त्यो क्रान्तिले कालासय र तिनको सरकारलाई आँधीले झैँ बढार्नेछ भनी कालासयहरूलाई सम्झाइराख्नु नै मजदुर सांसदहरूको अभिभारा हो । केही संशोधन गर्न र केही विधेयक ल्याउन पनि सम्भव छ । तर, त्यो काम राजशाही सत्ताको मजदुरविरोधी प्रकृतिलाई अझ प्रभावकारी ढङ्गले उदाङ्ग्याउनलाई मात्र गर्नुपर्छ । वास्तविक हकअधिकार शोषित पीडित मजदुरहरूसँग छैन भनी उजागर गर्न हामीले त्यसो गर्नुपर्छ । मजदुरहरूले आफ्ना सांसदहरूबाट यही कुरा सुन्नुपर्छ ।"

हाम्रो प्रतिवेदनको विषयमा छलफलका अनेक सत्र चले । सम्मेलनले यस सम्बन्धमा अघिल्लो पार्टी निर्णयमा जोड दिएर प्रस्ताव पारित गऱ्यो । त्यो निर्णय के भने सामाजिक जनवादी सांसदहरूलाई संसद्को तथाकथित सकारात्मक कामप्रति चासो छैन बरु सदनलाई क्रान्तिकारी प्रचारप्रसार र सङ्घर्षको निम्ति उपयोग गर्नु नै तिनको अभिभारा हो । सदनमा ल्याएका कुनै पनि विधेयक सन्तोषजनक थिएनन् । तैपनि, सम्मेलनमा एउटा प्रश्न उठ्यो । मजदुरहरूको अवस्थामा अलिकति सुधार ल्याउने कुनै विधेयक आए के गर्ने ? सम्मेलनले टुङ्गो लगायो - श्रमकाल घटाउने वा ज्याला बढाउने जस्ता मजदुरहरूको सिधा हितसँग जोडिएका संशोधन आए मात्र मतदान गर्ने । साथमा, यस्ता प्रस्ताव कार्यान्वयन हुनेमा आशङ्का उब्जेको खण्डमा आफ्ना तर्कहरू प्रस्टसँग राखेर मतदानमा भाग नलिने तय भयो । त्यस्तै, सदनमा उठ्ने प्रत्येक मुद्दामा सामाजिक जनवादी समूहले सदनको कारबाहीमा समेट्ने गरी आफ्नो स्वतन्त्र प्रस्ताव तयार पारी प्रस्तुत गर्नुपर्ने निर्णय भयो ।

हाम्रो संसदीय समूहको आन्तरिक अवस्था तथा मेन्शेभिकहरूसँग हाम्रा मतभेदबारे एउटा विशेष प्रस्ताव पारित भयो । '७ मेन्शेभिकहरू' सँग अन्तिम फुट र बोल्शेभिकहरूको स्वतन्त्र समूहको गठनबारे सम्मेलनले पुनर्विचार गर्नुपर्ने थियो । पछि गएर यो पाइला आवश्यक र अनिवार्य हुने निश्चित थियो । तैपनि, यस्तो गम्भीर पाइला चाल्नुअघि धेरै कुरामा ध्यान पुऱ्याउन जरुरी थियो । यसमा जनताको प्रतिक्रिया के होला ? के (मेन्शेभिक) विघटनकारीहरूसँगको एकताले मजदुर हितमा क्षति मात्र पुग्ने कुरा जनताले बुझ्लान् ? के उनीहरू पार्टीका दुवै खेमाले कालासयविरुद्ध मिलेर काम गर्नुपर्छ भन्दैनन् त ? प्रहरीको कठोर सेन्सर र खोजतलासले गर्दा यी प्रश्नमा जनतालाई सचेत पार्ने गरी व्यापक अभियान चलाउन असम्भव थियो । यस्तो परिस्थितिमा फुटको विषय झन् पेचिलो बन्न पुग्यो । हाम्रा पत्रपत्रिकाले कोदालोलाई कोदालो भन्न पाउँदैनथे । बोल्शेभिकहरूका तीन मूल नारालाई समेत उस्तै अर्थ दिने अर्कै शब्दले छोपेर लेख्नुपर्थ्यो । दुई खेमातिर नलागेका धेरै जनतालाई हाम्रो पक्षमा ल्याउने गरी फुटको प्रक्रिया अघि बढाउनु आवश्यक थियो । वर्गसचेत मजदुर तथा हाम्रो आफ्नै खेमाका सदस्यले यो प्रक्रियालाई यसरी नै बुझ्न जरुरी थियो । विघटनकारी भासमा नगढिसकेका सबैलाई आफूतिर तान्दै मेन्शेभिकहरूसँग भिड्ने अभिभारा हाम्रो थियो ।




**सन् १९१२ को मे महिनामा प्रकाशित 'प्राभ्दा' (सत्य) पत्रिकाको पहिलो अङ्क ।**

यी यावत् विषयमा विचार गरेपछि पोरोनिनो सम्मेलनबाट '७ मेन्शेभिकहरू' लाई चेतावनी दिन केही कदम लिन आवश्यक थियो । यसको लागि समूहका दुवै खेमालाई बराबरी अधिकारको माग राख्नुपर्ने तय भयो । यो मागलाई अस्वीकार गरेपछि '७ मेन्शेभिक' सँग छुट्टिएर अलग्गै समूह बनाउने योजना बन्यो । यसलाई सम्मेलनको दस्ताबेजमा यसरी उल्लेख गरियो :

"सामाजिक जनवादी संसदीय समूहको एकता सम्भव र आवश्यक रहेको यो सम्मेलनको ठहर छ । तर, '७ मेन्शेभिकहरू' को रवैयाले यो एकतालाई खतरामा पार्दै छ ।

'७ मेन्शेभिक' ले कथित बहुमतलाई अंकुशे बनाएर रुसी मजदुरको ठुलो बहुमतलाई प्रतिनिधित्व गर्ने ६ मजदुर सांसद्को काममा भाँजो हाल्दै आएका छन् । मजदुरहरूको वास्तविक हितसँग सम्बन्धित धेरै मुद्दामा उनीहरूले यसरी नै भाँजो हाले । सामाजिक जनवादी समूहको तर्फबाट दुईभन्दा बढी वक्ताले बोल्ने मौका पाउँदा उनीहरूले मजदुर सांसदलाई बोल्न दिएनन् ।

'७ मेन्शेभिक' ले सदनका (बजेटलगायत) आयोगमा दुई सीट पाउँदा पनि '६ बोल्शेभिक' लाई कुनै सीट दिएनन् ।

मजदुर आन्दोलनका लागि महत्त्वपूर्ण ठहरिएका निकायमा समूहको तर्फबाट प्रतिनिधि राख्ने बेला ७ सांसदले ६ सांसदलाई प्रतिनिधि बन्नबाट वञ्चित गरे । समूहका पदाधिकारीहरू एकतर्फी तरिकाले निर्वाचित भएका छन् । जस्तो: समूहको सहसचिव बनाउनुपर्ने माग उनीहरूले अस्वीकार गरे ।

यो सम्मेलन ७ सांसदहरूको यस्तो व्यवहारले समूहको क्रियाशीलतामा बाधा उत्पन्न हुने र यो सिलसिला फुटमा गएर टुङ्गिने ठहर गर्दछ ।

७ सांसदहरूका यसप्रकारका गतिविधिको यो सम्मेलन जोडदार भर्त्सना गर्दछ । ६ सांसदहरूले रुसका बहुसङ्ख्यक मजदुरको प्रतिनिधित्व गर्छन् र आफ्नो सङ्गठित अग्रदस्ताको राजनीतिक लाइनअनुरूप व्यवहार गर्छन् ।

यसकारण, (संसदीय) समूहका दुई खेमाबिच पूर्ण समानता हुनुपर्ने यो सम्मेलनको ठहर छ । '७ मेन्शेभिक' ले '६ बोल्शेभिक' को मुख थुन्ने नीति त्यागे मात्र सदनको सामाजिक जनवादी समूहको एकता सम्भव हुनेछ ।

यो परस्परविरोधी बेमेल सदनमा मात्र छैन । तथापि, यो सम्मेलन दुई खेमाबिच समान हैसियतको आधारमा मात्र समूहको एकता कायम रहन सक्ने तथ्यमाथि जोड दिन्छ ।

यो सम्मेलन सम्पूर्ण वर्गसचेत मजदुरहरूलाई यो महत्त्वपूर्ण मुद्दामा आआफ्नो धारणा राख्न आग्रह गर्दछ । साथै, ६ मजदुर सांसदहरूलाई समान अधिकारका दिलाएर समूहको एकता जोगाउनमा आफ्नो सारा उत्साह लगाइदिनुहुन अनुरोध गर्दछ ।"

यो समाधान अघि सारेर हाम्रो पार्टीले औपचारिक फुट हुँदा मेन्शेभिकहरूले पुऱ्याउन सक्ने क्षतिले सकेसम्म कम गर्ने अन्तिम प्रयास गऱ्यो । तर, समूहलाई समान अधिकारयुक्त दुई खेमामा बाँड्दा पहिले नै '६ बोल्शेभिक' र '७ मेन्शेभिक' भन्ने प्रस्ट रेखा कोरिसकेको थियो । औपचारिक फुट नहुँदा पनि हाम्रा संसदीय क्रियाकलाप पार्टी निर्णयका आधारमा भइरहेका थिए ।

पोरोनिनो छोड्नुअघि हामी मजदुर सांसदहरू केन्द्रीय समितिको बैठकमा सहभागी भयौँ । बैठकमा मेन्शेभिकहरूका सम्बन्धमा '६ बोल्शेभिक' हरूले चाल्नुपर्ने व्यवहार पाइलाबारे छलफल भयो । हामीले विविध माग राख्नुपर्ने तय भयो । (संसदीय) समूहको सहसचिव पद हामीलाई दिनुपर्ने माग राख्ने, बजेट आयोगमा बाल्शेभिक सदस्यलाई पनि मनोनयन गर्नुपर्ने, अन्तर्राष्ट्रिय समाजवादी ब्युरोमा नयाँ प्रतिनिधिहरू नियुक्त गर्नुपर्ने, समूहको तर्फबाट बराबर सङ्ख्यामा बोल्शेभिक र मेन्शेभिक वक्ता चुन्नुपर्नेलगायत माग राख्नुपर्ने टुङ्गो लाग्यो । यी मागबारे एउटा पत्रको खाका तुरुन्तै तयार भयो । '७ मेन्शेभिक' ले अस्वीकार गरेको स्थितिमा हामी बोल्शेभिकहरू समूहबाट अलग्गिने र जनतालाई सत्यतथ्य बताउनुपर्ने समझदारी बन्यो ।

**पाठ ८**

**फुट**

मेन्शेभिकहरूलाई हाम्रो चेतावनी । फुट । फुटप्रति मजदुरहरूको धारणा । पार्टी सङ्गठनमा फुटको प्रतिध्वनि । '७ मेन्शेभिक' विरुद्ध प्लेखानोभ । पार्टीमा फुटको प्रभाव ।

पोरोनिनोबाट फर्केपछि ६ बोल्शेभिक सांसदहरू आ-आफ्ना निर्वाचन क्षेत्रमा छरिए । स्थानीय पार्टी सङ्गठनमा सम्मेलनको सन्देश पुऱ्याउन र सङ्गठनको सवालमा सम्मेलनले गरेको निर्णय कार्यान्वयन गराउन यो भ्रमण आवश्यक थियो । केन्द्रीय समितिको आग्रहमा म ब्रेयान्स्कको बेजेत्ज्क कारखाना गएँ । त्यहाँ हाम्रो बलियो सङ्गठन थियो । संसद्मा छुँदासम्म म त्यो कारखानाका मजदुरसँग लगातार सम्पर्कमा रहेँ ।

अक्टोबर १५ गते सदनको शरद् सत्र सुरु हुन्थ्यो । त्यसैले समयमै सेन्ट पिटर्सबर्ग फर्किएँ । भोलिपल्ट सामाजिक जनवादी समूहको पहिलो बैठक बस्यो । त्यहाँ हामीले एकाएक विशेष घोषणा गऱ्यौँ । पार्टीको विशेष अडानबारे छोटकरीमा बताएपछि हामीले संसदीय समूहमा दुवै खेमालाई बराबरीको व्यवहार गर्नुपर्ने माग राख्यौँ । हामीले भन्यौँ, "हामीलाई तुरुन्तै जवाफ दिनुपर्छ । अस्वीकार गरे हामीले सो समूह परित्याग गर्नेछौँ ।"


चखाइद्जेले हाम्रो मागका सम्बन्धमा छलफलै गर्न चाहेनन् । उनले प्रश्न तेर्स्याए, "के यो बैठक ६ सांसदको घोषणाबारे छलफल गर्न चाहन्छ ?" आफ्नो खेमाको बहुमत हुनाले उनी त्यो प्रश्नबारे नै मतदान गर्न खोजे ।

हामीले त्यो कर्मकाण्डी प्रक्रियामा विरोध जनायौँ । जवाफमा ७ मेन्शेभिकहरू समूहका अध्यक्षको बचाउमा एकजुट भए । उनीहरूले बैठकमा सुरुमा समसामयिक विषयमा छलफल गर्नुपर्ने र पछि मात्र '६ सांसद' ले पठाएको मुद्दामा विचार गर्न सकिने बताए । हामीले जवाफ नपाउँदासम्म एक समूहका रूपमा काम नगर्ने बतायौँ र एकमुष्ट सबैजना बैठकबाट बाहिरियौँ ।

हाम्रो अडानले मेन्शेभिकहरू हच्के । सुरुमा त उनीहरू के कसो गर्ने होला भनेर अल्मलिए । पछि उनीहरूले सोच्ने समय मागे र हाम्रो घोषणालाई लिखितम दिनुपऱ्यो भने । हप्तादिनभित्र हाम्रो मागको विषयमा जवाफ दिने वाचा पनि गरे । यसबिच समूहको कामकारबाहीमा भाग लिइरहन भने । भोलिपल्ट हामीले उनीहरूलाई निम्न घोषणा थमायौँ :

"सदनमा एक वर्ष साझा काम गर्ने क्रममा तपाईँ सात सामाजिक जनवादी सांसद र हामीबिच धेरै खटपट र विवाद उत्पन्न भएको छ । बेलाबेला प्रेसमा खुला वादविवाद चल्यो । गत जून महिनामा संसद्को सत्र टुङ्गिने बेला धेरै सांसदहरू बाहिर रहेको बेला तपाईँहरूले गर्नुभएका पछिल्ला निर्णयहरूका कारण यथास्थितिमा यो सम्बन्ध अघि बढाउन असम्भव हुन गएको छ । पछिल्ला निर्णय भन्नाले तपाईँ सात जनाले बैठक बसेर '६ बोल्शेभिक' हरूलाई बजेट आयोगका दुईमध्ये एउटा सीट दिन अस्वीकार गर्नुभयो । यो निर्णयले हामीलाई एउटा महत्त्वपूर्ण निकायमा प्रतिनिधित्व गर्नबाट रोक्यो ।

तपाईँहरूले सदनमा हामीले पाउने दुई मौकामध्ये एउटामा पनि मजदुर सांसदलाई बोल्न दिनुभएन । पटकपटक तपाईँले यसो गर्दै आउनुभएको छ । यो निर्णय पनि हामीलाई सह्य छैन ।



# फिलिपिन्समा व्यापक भ्रष्टाचारविरुद्ध सडक आन्दोलन




मनिला, ३० नोभेम्बर (एपी)। फिलिपिन्समा आइतबार रोमन क्याथोलिक चर्चका पादरीहरूसहित हजारौँ नागरिकले बाढी नियन्त्रण परियोजनामा भएको ठुलो भ्रष्टाचार काण्डविरुद्ध सडकमा उत्रिएका छन्। प्रदर्शनकारीहरूले देशलाई नै हल्लाइदिएको अनियमिततामा संलग्न शीर्ष सांसद र सरकारी अधिकारीहरूलाई तत्काल मुद्दा चलाउन र चोरी भएको रकम फिर्ता गराउन कडाइका साथ माग गरे।

वामपन्थी समूहहरूले मनिलाको मुख्य पार्कमा आयोजना गरिएको छुट्टै विरोध प्रदर्शनको नेतृत्व गर्दै सबै दोषी प्रमाणित अधिकारीहरूले तुरुन्तै राजीनामा दिई कानुनी कारबाहीको सामना गर्नुपर्ने दाबी गरे।

उता, राष्ट्रपति फर्डिनान्ड मार्कोस जुनियरले उष्णकटिबन्धीय एसियाको बाढी-पीडित द्वीपसमूहमा घटिया, अपूर्ण वा अस्तित्वविहीन बाढी नियन्त्रण योजनाका कारण उत्पन्न सार्वजनिक आक्रोश शान्त गर्ने प्रयास जारी राखिरहनुभएको छ।

मेट्रोपोलिटन मनिलामा सुरक्षाका लागि १७ हजारभन्दा बढी प्रहरी अधिकारी तैनाथ गरिएको थियो। मालाकानाङ राष्ट्रपतिको कार्यालय वरपरका मुख्य सडक र पुलहरू दङ्गा-विरोधी प्रहरी, ट्रक तथा काँडेदार तारले अवरुद्ध गरिएको थियो। देश विगत ३९ वर्षमा दुई राष्ट्रपतिलाई आंशिक रूपमा भ्रष्टाचारकै आरोपमा पदच्युत गरेको इतिहास भएकोले केही समूहले सेनालाई राष्ट्रपति मार्कोसप्रति समर्थन फिर्ता लिनसमेत आह्वान गरेका थिए, तर सेनाले यस्ता मागलाई कडा ढङ्गले अस्वीकार गरेको छ।

फिलिपिन्स सशस्त्र बलले आइतबार तीनजना पूर्वसैन्य प्रमुखसहित कम्तीमा ८८ जना सेवानिवृत्त जनरल हस्ताक्षरित वक्तव्यलाई स्वागत गर्दै असंवैधानिक गतिविधि वा सैन्य विद्रोहका सबै प्रयासको स्पष्ट निन्दा गरेको जनाएको छ। सेनाले एउटा विज्ञप्तिमा भन्यो, "हाम्रा सेवानिवृत्त तथा सक्रिय नेताहरूको एकीकृत आवाजले सशस्त्र बललाई स्थिरताको स्तम्भ र दृढ लोकतान्त्रिक संरक्षकको रूपमा पुष्टि गरेको छ।"

देशभरका क्याथोलिक चर्चहरूले आइतबारको प्रदर्शनमा नेतृत्वदायी भूमिका निभाए। मुख्य प्रदर्शन राजधानी क्षेत्रको इड्सा राजमार्ग छेउस्थित 'जन-शक्ति' स्मारकमा आयोजित थियो। त्यहाँ करिब पाँच हजार नागरिक प्रायः सेतो पोशाकमा उपस्थित भएको प्रहरीको अनुमान छ। सहभागीहरूले हालसालै सार्वजनिक भएका हजारौँ असमान बाढी नियन्त्रण योजनामा संलग्न सांसद, अधिकारी तथा निर्माण कम्पनीका मालिकहरूलाई जेल पठाउन र चोरी गरेको रकम तत्काल फिर्ता गराउन माग गरे। एक प्रदर्शनकारीले 'लोभीहरूका लागि कुनै दया छैन' लेखिएको टी-सर्ट लगाइरहेको देखिन्थ्यो।

राष्ट्रपति मार्कोसले गत जुलाईमा कङ्ग्रेसमा प्रस्तुत राष्ट्र-सम्बोधनकै क्रममा बाढी नियन्त्रण परियोजनामा देखिएका विसङ्गतिका विषयमा पहिलोपटक चेतावनी दिनुभएको थियो। त्यसयता, एउटा मात्र परियोजनासम्बन्धी अनियमिततामा सात सार्वजनिक निर्माण अधिकारीहरूलाई अवैध कोष प्रयोग तथा भ्रष्टाचारका आरोपमा जेल सजाय भइसकेको छ। सो प्रकरणमा संलग्न निर्माण कम्पनी 'सनवेस्ट कर्पोरेसन' का कार्यकारीहरूको खोजी भइरहेको बताइन्छ।

गत शुक्रबार पूर्वसरकारी इन्जिनियर हेनरी अल्कान्टाराले सिनेटको सुनुवाइमा शपथअन्तर्गत स्वीकार्दै आफू संलग्न रहेको ११ करोड पेसो (करिब १९ लाख डलर) किकब्याक रकम पुनः फिर्ता गरेको बताउनुका साथै केही हप्ताभित्र थप रकम फिर्ता गर्ने वाचा गर्नुभएको थियो। राष्ट्रपति मार्कोसका अनुसार यसै काण्डमा संलग्न व्यक्तिहरूको करिब १२ अर्ब पेसो (२१ करोड डलर) बराबरको सम्पत्ति अधिकारीहरूले फ्रिज गरिसकेका छन्।

आइतबारको र्‍यालीमा प्रदर्शनकारीहरूले संलग्न सिनेटरहरू र प्रतिनिधिसभाका सदस्यहरूसहित धेरै अधिकारीहरूलाई चाँडै जेल हाल्नुपर्ने र उनीहरूले चोरेको र निजी जेटहरू र लक्जरी कारहरू, महलहरू र असाधारण जीवनशैलीलाई वित्तपोषण गर्न प्रयोग गरेको रकम फिर्ता गर्न आदेश दिनुपर्ने माग दोहोर्‍याए।

# क्यालिफोर्नियाको स्टकटनमा बैङ्क्वेट हलमा गोलीकाण्ड

स्टकटन (क्यालिफोर्निया), ३० नोभेम्बर (एपी)। क्यालिफोर्नियाको स्टकटनस्थित एक बैंक्वेट हलमा पारिवारिक जमघट चलिरहेका बेला भएको भीषण गोलीकाण्डमा चारजनाको मृत्यु भएको र १० जना घाइते भएको सान जोआक्विन काउन्टी शेरिफ अफिसले जनाएको छ। मृतक र घाइतेमध्ये बालबालिकादेखि वयस्कसम्म समावेश रहेको शेरिफ अफिसका प्रवक्ता हिथर ब्रेन्टले जानकारी दिनुभयो।

प्रारम्भिक तथ्याङ्कका आधारमा घटनालाई लक्षित हमलाका रूपमा हेर्न सकिने सङ्केतहरू भेटिएको ब्रेन्टले घटनास्थलमै आयोजित पत्रकार सम्मेलनमा बताउनुभयो। यद्यपि, घटनामा संलग्न संदिग्ध बन्दुकधारीलाई अधिकारीहरूले अझै पक्राउ गर्न सकेका छैनन्। सम्बन्धित व्यक्तिको पहिचान तथा उद्देश्यमाथि जासुसहरूले तीव्र रूपमा अनुसन्धान जारी राखेका छन्।

सान जोआक्विन काउन्टीका जिल्ला अधिवक्ता रोन फ्रिटासले जनतासँग सहयोगको अपिल गर्दै भन्नुभयो, "यदि तपाईँसँग यस व्यक्तिबारे कुनै पनि उपयोगी जानकारी छ भने तुरुन्तै सम्पर्क गर्नुहोस्। यदि तपाईँ नै सो व्यक्ति हुनुहुन्छ भने तत्काल आफूलाई आत्मसमर्पण गर्नुहोस्।"

घटनाको समय साँझ ६ बजेभन्दा केहीअघि थियो। बैङ्क्वेट हल एक यस्तो स्थानमै अवस्थित छ, जसले छेउछाउका अन्य व्यवसायहरूसँग साझा पार्किङ क्षेत्र प्रयोग गर्छ। स्याक्रामेन्टोबाट करिब ४० माइल (६४ किलोमिटर) दक्षिणतर्फ पर्ने करिब ३२ हजार जनसङ्ख्या भएको स्टकटनमा यस प्रकारको भीषण घटनापछि स्थानीयवासी आत्तिएका छन्।

स्टकटनकी मेयर क्रिस्टिना फुगाजीले घटनाप्रति दुःख व्यक्त गर्दै भन्नुभयो, "परिवारहरू अस्पतालको वार्डमा होइन, एकअर्कासँगै घरमै हुनुपर्छ। उनीहरू आफ्ना प्रियजनको जीवन बचोस् भनी प्रार्थना गरिरहेका छन्, यो अत्यन्त पीडादायी स्थिति हो।"

अधिकारीहरूले घाइतेहरूको अवस्थाबारे विस्तृत विवरण भने तत्काल सार्वजनिक गरेका छैनन्। प्रारम्भिक सूचनाअनुसार धेरै घाइतेलाई नजिकैका अस्पतालहरूमा भर्ना गरिएको छ।

# चीनद्वारा व्यावसायिक अन्तरिक्ष अनुगमनको लागि नयाँ विभाग गठन

बेइजिङ, १४ मङ्सिर (सिन्ह्वा)। चीन राष्ट्रिय अन्तरिक्ष प्रशासनले देशमा तीव्र गतिमा विस्तार भइरहेको व्यावसायिक अन्तरिक्ष क्षेत्रको समन्वय र नियमनका लागि नयाँ विभाग स्थापना गरेको जनाएको छ।

नयाँ विभागको स्थापना व्यावसायिक अन्तरिक्ष उद्योगका लागि विशेष नियमन व्यवस्था तयार गर्ने महत्वपूर्ण कदम भएको प्रशासनले जनाएको छ। यसले उच्च गुणस्तरको विकासलाई निरन्तर अघि बढाउने र सम्पूर्ण उद्योग शृङ्खलालाई लाभ पुर्‍याउने विश्वास गरिएको छ।

हालका वर्षहरूमा सहायक नीति, प्रविधि उपलब्धि र बजारको मागका कारण चीनको व्यावसायिक अन्तरिक्ष क्षेत्रमा ऐतिहासिक प्रगति भएको छ। उद्योग शृङ्खलाभित्रको सहकार्यपूर्ण नवप्रयोगले यस्तो प्रगति सम्भव भएको बताइन्छ।

प्रशासनका एक अधिकारीका अनुसार चीनमा व्यावसायिक अन्तरिक्षसँग सम्बन्धित उद्यमहरूको सङ्ख्या हाल छ सयभन्दा बढी पुगेको छ। सुरक्षालाई सुनिश्चित गर्दै विकासको सम्भावना क्रमशः खुल्दै गएको छ।

प्रशासनले हालै २०२५ देखि २०२७ सालसम्मका लागि व्यावसायिक अन्तरिक्ष क्षेत्रको उच्च गुणस्तरीय र सुरक्षित विकास प्रवर्द्धन गर्ने कार्ययोजना सार्वजनिक गरेको छ। उक्त योजनाले व्यावसायिक अन्तरिक्ष गतिविधिलाई राष्ट्रको समग्र अन्तरिक्ष विकास संरचनासँग जोड्ने लक्ष्य राखेको छ।

# श्रीलङ्कामा बाढीको प्रकोपमा १५९ जनाको मृत्यु

कोलम्बो, ३० नोभेम्बर (एएफपी)। श्रीलङ्काको राजधानी तथा देशभरिका धेरै भागमा आएको विनाशकारी बाढीका कारण मृत्यु हुनेको सङ्ख्या कम्तीमा १५९ पुगेको अधिकारीहरूले बताएका छन्।

शक्तिशाली चक्रवात दितवाहबाट सुरु भएको प्रकोपपछि अहिले पनि राजधानी कोलम्बोका केही भागमा तीव्र रूपमा पानी बढिरहेको छ। विशेषगरी केलानी नदीको सतह निरन्तर उक्लिँदा उत्तरी क्षेत्र ठुलो बाढीको चपेटामा परेको विपद् व्यवस्थापन केन्द्र (डिएमसी) ले जनाएको छ।

गत हप्ताभरि परेको अविरल वर्षासँगै शनिबार श्रीलङ्काबाट टाढा सरेको चक्रवातका कारण डिएमसीले मृतक सङ्ख्या १५९ पुगेको र २०३ जना नागरिक बेपत्ता रहेको पुष्टि गरेको छ। "चक्रवातले देश छाडे पनि माथिल्लो क्षेत्रमा परेको भीषण वर्षाले केलानी नदी किनारका तल्लो बस्तीहरू अहिले डुबानमा परेका छन्," डिएमसीका एक वरिष्ठ अधिकारीले भने।



राष्ट्रपति अनुरा कुमारा दिसानायकले चक्रवातको गम्भीर परिणामलाई मध्यनजर गर्दै शनिबार नै देशभर आपत्कालिन अवस्था घोषणा गर्नुभएको छ। उहाँले अन्तर्राष्ट्रिय सहयोगका लागि अनुरोधसमेत गर्नुभएको छ। राष्ट्रपतिको अपिलपछि भारतले तुरुन्तै राहत सामग्री तथा उद्धारकार्यका लागि चालक दलसहित दुईवटा हेलिकप्टर पठाई पहिलो प्रतिक्रिया दिएको छ। जापानले पनि तत्कालीन आवश्यकताको मूल्याङ्कन गर्न आफ्नो टोली पठाउने र साथै थप सहयोग उपलब्ध गराउने वाचा गरेको छ।

यद्यपि, टापुभर वर्षा केही कम भए पनि सबैभन्दा बढी प्रभावित मध्य प्रान्तका धेरै सडकहरू अहिले पनि कतै-कतै क्षतिग्रस्त अवस्थामा रहेको डिएमसीले जनाएको छ। चक्रवात र बाढीको संयुक्त प्रभावले देशभर २० हजारभन्दा बढी घर पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् भने एक लाख २२ हजारभन्दा बढी नागरिक राज्यद्वारा सञ्चालित अस्थायी आश्रयस्थलमा बस्न बाध्य भएका छन्। त्यसैगरी, बाढीबाट विस्थापित भएपछि थप आठ लाख ३३ हजार मानिसलाई तत्काल मानवीय सहायताको आवश्यकता परेको अधिकारीहरूले बताएका छन्।

राहत तथा उद्धार कार्यलाई तीव्र बनाउन सेना, नौसेना, वायुसेना, नागरिक सुरक्षाकर्मी तथा स्वयंसेवकहरू देशका विभिन्न ठाउँमा तैनाथ गरिएको छ। बाढीका कारण देशको करिब एकतिहाइ भागमा बिजुली आपूर्ति अवरुद्ध भएको छ भने पानी शुद्धीकरण केन्द्रहरू डुबानमा परेकाले सुरक्षित पिउने पानीको अभाव बढेको छ। साथै, इन्टरनेट जडानसमेत व्यापक रूपमा अवरुद्ध भएको छ।

यो चक्रवात सन् २०१७ यताकै सबैभन्दा घातक प्राकृतिक प्रकोप बनेको अधिकारीहरूले स्मरण गराएका छन्। सन् २०१७ मा बाढी तथा भूस्खलनका कारण २०० भन्दा बढीको ज्यान गएको थियो। त्यस्तै, सन् २००३ मा आएको ऐतिहासिक बाढीमा २५४ जनाको मृत्यु भएको थियो, जुन शताब्दीको अन्त्यपछि देशले भोगेको सबैभन्दा गम्भीर बाढी मानिन्छ।

# पाकिस्तानद्वारा सैन्य प्रमुखलाई उन्मुक्ति दिने प्रावधानमा यूएनको चेतावनी खारेज

इस्लामाबाद, १४ मङ्सिर ( एएफपी)। पाकिस्तान सरकारले विदेश मन्त्रालयमार्फत संयुक्त राष्ट्रसङ्घका मानवअधिकार प्रमुख भोल्कर टर्कले व्यक्त गर्नुभएको गम्भीर चिन्ता र चेतावनीलाई आइतबार स्पष्ट रूपमा अस्वीकार गरेको छ। टर्कले सर्वशक्तिमान सैन्य प्रमुखसहित शीर्ष अधिकारीहरूलाई आजीवन कानुनी उन्मुक्ति दिने हालैको कदमले देशको विधिको शासन र लोकतान्त्रिक संरचनामा 'दूरगामी प्रतिकूल प्रभाव' पर्न सक्ने टिप्पणी गर्नुभएको थियो।

यसअघि, संसद्ले यसै महिनाको सुरुआतमा पारित गरेको संवैधानिक संशोधनअनुसार फिल्ड मार्शल असीम मुनीर र अन्य उच्चपदस्थ सैन्य अधिकारीहरूलाई आजीवन अभियोजनबाट मुक्त गरिने व्यवस्था गरिएको थियो, जसले मानवअधिकार समूह तथा अन्तर्राष्ट्रिय निकायहरूबिच चिन्ता उत्पन्न गराएको छ। संशोधनले एक नयाँ सङ्घीय संवैधानिक अदालतको स्थापना समेत गरेको छ, जसले सर्वोच्च अदालतका केही अधिकार सीमित गर्दै न्यायिक संरचना पुनर्सन्तुलन गर्छ भन्ने आलोचना उठेको छ।

शुक्रबार जारी विज्ञप्तिमा मानवअधिकार प्रमुख टर्कले यी परिवर्तनहरू समग्र रूपमा न्यायपालिकालाई कार्यकारीको प्रभाव र राजनीतिक हस्तक्षेपको जोखिममा पुर्‍याउन सक्ने उल्लेख गर्दै पाकिस्तानमा लोकतन्त्र तथा विधिको शासनका सिद्धान्तहरूलाई कमजोर बनाउने 'दूरगामी परिणाम' हुनसक्ने चेतावनी दिनुभएको थियो।

तर आइतबार जारी आफ्नो वक्तव्यमा पाकिस्तानको विदेश मन्त्रालयका अधिकारीहरूले टर्कको टिप्पणीलाई 'आधारहीन' एवं 'पाकिस्तानको दृष्टिकोण र धरातलीय वास्तविकता नझल्कने' भन्दै खारेज गरेका छन्। मन्त्रालयले पाकिस्तान 'संविधानमै निहित विधिको शासन र आधारभूत स्वतन्त्रताको रक्षा गर्न पूर्ण प्रतिबद्ध' रहेको दाबी दोहोर्‍याएको छ।

२५ करोडभन्दा बढी जनसङ्ख्या भएको आणविक-सशस्त्र पाकिस्तानमा नागरिक प्रशासन र शक्तिशाली सेनाबीचको सन्तुलन वर्षौंदेखि संवेदनशील मुद्दा रहँदै आएको छ। देशको सबैभन्दा प्रभावशाली संस्था मानिने सेनाले सन १९४७ को स्वतन्त्रतापछि पटक-पटक कूमार्फत देशमा शासन गरेको इतिहास छ। सेनाले कुल अवधि दुईमध्ये एक भागभन्दा बढी समय प्रत्यक्ष शासनमा व्यतीत गरेको मानिन्छ।

# आयुर्वेद अस्पतालहरू आफैँ 'बिरामी' ?

✍ अरुणा उप्रेती



केही वर्षअघिको कुरा हो, गुरूपूर्णिमाको दिन कीर्तिपुरको ठुलो आयुर्वेद अस्पतालमा 'आधुनिक चिकित्सा विज्ञान र जडीबुटीको महत्त्व' बारे बोल्न आग्रह गर्दा मैले त्यहाँ 'कार्यरत वैद्यहरूलाई भनेकी थिएँ, "तपाईंहरू यस्तो ठुलो अस्पतालका विशेषज्ञ हुनुहुन्छ । तर, यो अस्पतालबारे कुनै प्रचार छैन । यहाँको सुविधाबारे जनस्तरमा कुनै जानकारी छैन । यहाँ बिरामी आउँदैनन् । यत्रो लगानीको सदुपयोग भएको छैन ।" त्यहाँका वैद्यहरूको दुखेसो थियो- "ठुलो स्वरले बोल्न नसकेको हुनाले र स्वास्थ्य भनेपछि केवल आधुनिक औषधिको मात्र छलफल हुने भएकाले हाम्रो ज्ञानको सदुपयोग भएन ।"

नेपालको सुदूरपश्चिम कर्णालीबाट अमूल्य जडीबुटीहरू विदेशी कम्पनीले बाहिर लगेर त्यसको आयुर्वेदिक क्याप्सुल बनाएर फेरि महँगोमा नेपालमै बेच्छन् । नेपालीले प्रयोग पनि गर्छन् । तर, नेपालमै भने त्यस्ता जडीबुटीको कुनै वास्ता छैन ।

एकातिर विदेशी वैद्य नेपालमा आए उनीहरूलाई उच्च अधिकारी, नेता, कर्मचारी, मन्त्रीहरू सबैले ढोग्छन्, सम्मान गर्छन् र ठुलो स्वरले 'आयुर्वेद' त नेपालको हो । हामी यसको धेरै प्रयोग गर्छौं भनेर गफ दिन्छन् । अर्कातिर सिंहदरबारको वैद्यखाना, कीर्तिपुर र जिल्लाका आयुर्वेदिक अस्पतालहरू बेवारिसे भएको बारे मन्त्रालय बोल्दैन । आयुर्वेद विभाग 'बबुरो बालक' झैँ कुनामा बसेर झोक्राइरहन्छ ।

सायद वर्षको एक दिन धन्वन्तरी दिवसमा मात्र त्यसको सरसफाइ हुन्छ । कुनै पनि नयाँ स्वास्थ्यमन्त्री कुर्सीमा बस्नेबित्तिकै नेपालीको 'स्वास्थ्य अवस्था सुधार्न' वीर अस्पतालको भ्रमण गर्छन् । तर, कीर्तिपुर र नरदेवी भने ती कहिल्यै जाँदैनन् । अझ कतिपय त यी अस्पतालबारे सुन्दै नसुनी बिदा हुन पनि बेर छैन । तिनीहरू समाजमा रोग लाग्नै नपाओस् भन्ने ज्ञान दिन आयुर्वेदलाई बढावा दिन्छौँ, यसलाई हामी घर-घरमा पुऱ्याउँछौँ पनि भन्दैनन् । सञ्चारमाध्यमबाट पनि जनस्वास्थ्यलाई बढावा दिन आयुर्वेदको महत्त्वबारे खासै कतै बोलिन्न, लेखिन्न ।

स्वास्थ्य मन्त्रालयका सचिव, सहसचिवसँग जनस्वास्थ्य र कुपोषणबारे कुरा गर्दा 'बालबालिकाको कुपोषण हटाउँछौँ भन्छन्, तर प्याकेटका काम नलाग्ने वस्तु बाँड्नु बाँड्छन्' र कुपोषण हट्यो भन्ने भ्रमपूर्ण कुराहरू छर्दै हिँड्छन् । उनीहरू कहिल्यै पनि बालबालिकामा हुने कुपोषण हटाउन 'हाम्रा परम्परागत ज्ञान र आयुर्वेद पद्धतिमा आधारित पोषिलो खाना, जस्तैः- जाउलो, लिटो, हलुवा, मुगको खिचडी, उसिनेको आलु, अमला, टुसा उमारेको चना र केराउ अनेक वनस्पति आदिबारे चुइँक्क पनि बोल्दैनन् ।

आयुर्वेद डाक्टरहरू धन्वन्तरीको नाम लिएर चुपचाप बस्छन् । तर, आयुर्वेदको महत्त्व बुझाउन केही गर्दैनन् । यदि यो लेख्दा म गलत ठहरिएँ भने म धेरै खुसी हुनेछु । स्वास्थ्य मन्त्रालय भन्छ - गर्भवतीलाई फोलिक एसिड, क्याल्सियम र आइरन चक्की दिनुपर्छ । तर, आयुर्वेद विज्ञानमा लेखेको र आधुनिक विज्ञानले पनि सिद्ध गरिसकेको तिल, आलस, ज्वानो आदिमा क्याल्सियम र लौहतत्त्व बढी हुने भएकोले यस्ता खानेकुरा बढी खानुपर्छ भनेर तिनलाई प्रेरित गर्ने कुरामा जहिल्यै मन्त्रालय मौन रहन्छ । आयुर्वेदका स्त्रीरोग विशेषज्ञहरू यसबारे बोल्दैनन् । गर्भवतीलाई रगत बढाउन उनीहरूले कस्ता भोजन गरे ठीक हुन्छ भनेर आयुर्वेदिक परामर्श कतै गरिन्न ।

यी सबै कुरा सायद धन्वन्तरी वैद्यले मलिन मुख लगाएर हेर्छन् र सोच्छन् होला 'के भयो मेरो ज्ञान' भनेर । 'आयुर्वेद विभाग' नाम मात्रको छ । आयुर्वेदका लागि स्रोत जुट्दैन । स्रोत जुटाउनुपर्छ भन्नेहरू पनि चुप लाग्छन् । यस्तो किन हुन्छ भने अहिलेको स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य भनेको आधुनिक औषधि र आधुनिक चिकित्सा विज्ञान मात्र हो । नेपालमा जनस्वास्थ्य सुधार्न आधुनिक अस्पताल, औषधि, डाक्टर र नर्स भए पुग्छ भन्ने गरिन्छ । तर, जनस्वास्थ्यका लागि रोग लाग्न नदिन आयुर्वेदको ज्ञान प्रयोग गर्न सकिन्छ भनेर कोही बोल्दैनन् ।

आयुर्वेदमा काम गर्नेले आफ्नो ज्ञानको वकालत आफैँले नगरेपछि अरूले के गर्लान् ? नेताहरू मुटु, पेट, टाउको या अरू कुनै अङ्ग दुखेर विदेश र काठमाडौँका महँगा अस्पताल धाउँछन् । तिनीहरूले त्यहाँ गएर उपचार गरिदिएपछि महँगा अस्पतालहरूको विज्ञापन सित्तैमा हुन्छ । तर, राज्यको लगानी भएको आयुर्वेद अस्पतालमा भने उनीहरू झुक्किएर पनि पुग्दैनन् ।

आधुनिक औषधि र आयुर्वेदले एकै ठाउँमा मिलेर काम गर्न सक्छन् । दुवै एक-अर्काका विरोधी होइनन्, परिपूरक हुन् भन्ने हाम्रा नेताहरूले बुझेपछि मात्र ओझेलमा परेको आयुर्वेदको महत्त्व बढ्नेछ ।

तर, हाम्रा दीर्घरोग लाग्ने नेताहरू जसको पुट्ट भुँडी बढेको छ, मधुमेह छ, तनावले गर्दा समस्या भएको छ, तिनले आयुर्वेदिक विज्ञानको सहाराले मैले मोटोपन घटाएँ, मेरो स्वास्थ्य राम्रो पारेँ, मलाई सघाउ पुग्यो भनेर कहिल्यै बोल्दैनन् । किनभने, नेताले आयुर्वेदिक उपचारको प्रयोग र त्यसमाथि विश्वास नै गर्दैनन् । रामदेव र बालकृष्ण नेपाल आएको बेला ठुला भाषण छाँट्छन् - आयुर्वेद विज्ञान महान् छ । हामीले यसबाट देशकै समग्र स्वास्थ्यमा सुधार गरेर आर्थिक अवस्था सुधार्न सक्छौँ । सायद यो सुनेर धन्वन्तरी बिचरा कति रुँदा हुन्, कति मलिन हुँदा हुन् ।

आयुर्वेदिक वैद्यहरूले आफ्नो कामको पनि जनस्वास्थ्यमा ठुलो महत्त्व छ भनेर आवाज उठाएको देखिन्न । वैद्यखाना आफैँ बिरामी छ । त्यसैगरी, जिल्ला वैद्य खाना पनि प्रायः 'ज्वरो' ले थलिएको हुन्छ । त्यस्तो बेलामा समुदायका मान्छेले वैद्यखाना गएर के पाउँछन् ?

त्यसैगरी, जिल्ला जनस्वास्थ्य कार्यालयमा केवल आधुनिक औषधिबारे छलफल हुन्छ, आयुर्वेदिक औषधिबारे बोल्ने फुर्सद कसैलाई हुँदैन । योग र वनस्पति आयुर्वेदका महत्त्वपूर्ण अङ्ग हुन्, तर न सिंहदरबार वैद्यखाना, न त जिल्ला वैद्यखानाले नै यसबारे कुनै चेतना दिन्छ । जिल्लाका आयुर्वेदिक अस्पताल बालबालिका र कुकुर खेल्ने ठाउँ बनेका छन् । यहाँसम्म कि पहिले नाम चलेको नरदेवीको आयुर्वेदिक अस्पताल पनि गम्भीर 'बिरामी' बनेको छ । त्यहाँका आयुर्वेदिक डाक्टरले भनेका थिए, "सबै ठाउँबाट औषधि गराएर निराश भएपछि बिरामीहरू हामीकहाँ आउँछन् र हामी तिनलाई ठीक पारेर पठाउँछौँ । तर, तिनै बिरामीहरू पछि बोल्दैनन् ।" आयुर्वेदिक डाक्टरले यस्ता बिरामीलाई पछि कस्तो भयो, पूर्ण ठीक भए या भएनन् भनेर सायद अनुसन्धान गर्दैनन् । सायद 'धन्वन्तरी' पृथ्वीमा आए उनले अनुसन्धान गर्थे कि !

# के साँच्चै सरकार सुधिएकै हो त !

✍ श्रीराम श्रेष्ठ

नेपालको राजनैतिक यात्राले पछिल्ला केही दशकहरूमा व्यापक उतारचढाव भोगिरहेको छ । निरङ्कुश जहानियाँ राणा शासनको अन्त्यदेखि संविधान निर्माण, सङ्घीयताको कार्यान्वयन तथा बारम्बार सरकार परिवर्तन र जनतामा व्यापक असन्तुष्टि र निराशा नेपालको राजनैतिक घटनाक्रमहरूको उपलब्धि बनेको छ । सुशासन, पारदर्शी सरकार, कल्याणकारी राज्यको माग राख्दै भएको आन्दोलनहरूको उपलब्धि जनतामा असन्तुष्ट र निराशामा परिणत भएको कैयौँ घटनाले देखाउँछ ।

विधि विधान व्यवस्था तथा संविधानको मर्म उद्देश्य एवं संविधानविपरीत जेन-जी आन्दोलनले भ्रष्टाचार नियन्त्रण र सुशासनको लागि नेपालमा सुशीला कार्कीलाई देशको कार्यकारी प्रधानमन्त्रीको भूमिकामा नियुक्त गराएको थियो । जेन-जी आन्दोलनको भ्रष्टाचार नियन्त्रण गर्ने प्रमुख उद्देश्य र जनतालाई सुशासनको प्रत्याभूत गराउने सरकारको मुख्य कर्तव्य थियो ।

प्रधानमन्त्री कार्कीले प्रधानमन्त्री बन्नुभन्दा केही दिन अगाडि पाँच दिनभित्र देशको सम्पूर्ण भ्रष्टाचार नियन्त्रण गर्छु भनेर बोलेको भिडियो क्लिपहरू सञ्चार माध्यममा जताततै अहिले छरपस्ट छ ।

केही दिनअगाडि विभिन्न सञ्चारमाध्यमले प्रधानमन्त्री कार्की आफैँले सार्वजनिक जग्गा मिचेर वर्षौंदेखि भोगचलन गर्दै आइरहेको सूचना सार्वजनिक भयो । यो समाचार प्रकाशनसँगसँगै प्रधानमन्त्री कार्कीमाथि विभिन्न प्रकारको नैतिक तथा पदीय जिम्मेवारीको प्रश्नहरू उब्जेको छ ।

पाँच दिनमा भ्रष्टाचार नियन्त्रण गर्छु भन्नेले आफै सरकारी जग्गा हडपेको देखियो । प्रधानमन्त्रीको कार्यकाल सम्हालेको आज करिब तीन चार महिना भए पनि एकजना भ्रष्टाचारीले सजाय पाएको सुनिएको छैन । केही व्यक्तिहरूले अवैध धनहरू एआईले बनाएको समेत भन्न भ्याइसकेको छ ।

विदेशमा लुकाइ छिपाइ राखेको पैसा स्वदेशमा फिर्ता गर्नुको सट्टा भ्रष्टाचारीहरूलाई कारबाही नगरी अर्थ मन्त्रालयले विवादित एमसीसी परियोजनालाई आर्थिक वर्ष २०८२/०८३ को लागि आयकर छुट दिने निर्णय राजपत्रमा प्रकाशन गर्यो ।

प्रधानमन्त्री कार्कीले नियुक्ति गरेको महान्यायाधिवक्ताले आफ्नै स्वार्थको लागि किशोरीहरूलाई दस हजारको लोभ देखाएर १८ देखि २० लाखसम्म असुली धन्दा चलाउँदै आएको होप फर्टिलिटी एन्ड डाइग्नोस्टिक क्लिनिकलाई मुद्दा नलाउने निर्णय गरेर सुशासन र कानुनी शासनको दम्भ देखाएको छ ।

विपत् व्यवस्थापनको विषयमा भएको बैठकमा कुनै पनि सरकारी पदमा नरहेको व्यक्तिलाई उपस्थित गराएर सरकारले आफ्नो हैसियत देखाएको थियो । विभिन्न गैरसरकारी संस्था एनजीओ आइएनजीओको नाममा सरकारलाई दबाब दिने केही व्यक्तिहरूलाई सिंहदरबारको गेट अगाडि नै रोकेको घटनाले सरकार केही हदसम्म सुधिएको हो कि भन्ने देख्न सकिन्छ ।
यही बिचमा सयौँको सङ्ख्यामा निर्वाचन आयोगमा दल दर्ता भएको विषयहरू पनि छ । निश्चित व्यक्तिगत स्वार्थ पूरा गर्नको लागि दल दर्ता गर्ने, जनताप्रति उत्तरदायी नहुने, नेता तथा राजनैतिक पार्टीहरूलाई निश्चित मापदण्डहरू बनाएर निर्वाचनमा भाग लिन नपाउने व्यवस्था आवश्यक भएको देखिन्छ ।

जनताले निराशा भोग्नुको मुख्य कारण राजनैतिक दल दर्ताको उद्देश्य तथा घोषणापत्र जथाभावी बनाउनु र त्यसको कार्यान्वयन शून्य हुनु पनि हो । राजनैतिक दलको उद्देश्य र घोषणापत्र पूर्णरूपमा कार्यान्वयन गर्ने गराउने राजनैतिक दल तथा नेताहरूलाई मात्र चुनावमा सहभागी गराउने हो र उनीहरूलाई शासक बनाउने हो भने देशले दुर्गति भोग्नुपर्ने थिएन ।

लोकतन्त्रलाई सुशासनको मुख्य आधार मान्ने देशहरूले निर्वाचनसम्बन्धी यस्ता विषयहरूलाई ख्याल नगरेमा तथा पुँजीवादी व्यवस्थाको अन्त्य नगरी जनताले सुशासन प्रत्याभूत गर्न सक्दैनन् । पुँजीवादी व्यवस्था जबसम्म रहन्छ त्यहाँ म र मेरो बाहेक हामी र हाम्रा भन्ने कोही हुँदैन । पुँजीवादी व्यवस्थामा आफू र आफ्नाहरूको लागि मात्र फाइदा हुने गतिविधिहरू शासकहरूले गरिरहेका हुन्छन् ।

प्रधानमन्त्री सुशीला कार्कीको पाँच दिनभित्र भ्रष्टाचार नियन्त्रण गर्छु भनेर बोलेको अभिव्यक्तिको परिणाम विवादित एमसीसी परियोजनालाई आयकरमा छुट दिनु, किशोरीहरूलाई दस हजारको लोभ देखाएर डिम्ब बेचेर असुली धन्दा चलाउँदा पनि पहुँचको भरमा मुद्दा नचलाउनु तथा कुनै पनि सरकारी पदमा नरहेको व्यक्तिले सरकारको विपत् व्यवस्थापनसम्बन्धी बैठकमा सहभागी हुनु आदि अन्य चोरी, हत्या, हिंसा, लुटपाट, भ्रष्टाचार, कालोबजारीलगायतको समस्याले यस पुँजीवादी व्यवस्थामा पृष्ठपोषण पाइरहन्छ ।

***शाननान...***

सक्रिय देखिन्छन् । केन्द्रमा स्थानीय सरकारले जग्गासँगै हरितगृह निर्माणको सम्पूर्ण व्यवस्था



गरेको छ भने त्यसभित्रको खेतीमा लगानी स्थानीय युवाहरूले गरेका छन् । विभिन्न किसिमका गोलभैँडा, सानो काँक्रो, खर्बुजा र हरियो तरकारी प्रशस्त उत्पादन गरिएका छन् । बोट बिरुवा रहेको क्षेत्रबाहेक सबैतिर प्लास्टिकले माटो छोपेको देख्दा केही साथीहरूले जिज्ञासा पनि राखे । प्लास्टिकले छोप्दा अनावश्यक घाँस आउनबाट रोक्ने त हो नै, साथै माटोको गुणस्तर वृद्धि हुने पनि जवाफ प्राप्त भयो । यो वर्ष बाली लगाइएको माटोमा अर्को वर्ष प्राङ्गारिक मल मिसाएर प्लास्टिकले छोप्ने र अघिल्लो वर्ष प्लास्टिकले छोपिएको माटोमा बाली लगाउने रहेछ । बाली लगाउनुपूर्व ट्र्याक्टरले जोत्न पनि परेन, गोडमेल पनि धेरै गर्न परेन । साथै हरेक बोटमा पाइपमार्फत थोपा सिँचाइ गर्ने



प्रबन्ध मिलाइएको छ । यसले गर्दा उत्पादन ह्वात्तै बढेको स्थानीय युवाको भनाइ छ ।

हरितगृह प्रविधिमार्फत गर्मी ठाउँमा मात्र फल्ने खर्बुजा पनि तिब्बतको सुख्खा र चिसो ठाउँमा राम्रैसँग फलाइएको छ । त्यसमाथि जमिनमा लहरा जाने खर्बुजाको बोटलाई थाक्रो दिएर फलाइएको र प्रत्येक खर्बुजालाई प्लास्टिकको जाली झोलाको माध्यमबाट झुन्ड्याइएको अनौठो दृश्य देख्न पाइन्छ । यसो गर्दा खर्बुजाको सबै भागमा प्रकाश परेर सबै भाग हरियो र सुन्दर देखिने तर्क रहेछ ।

तिब्बतलाई खाद्यान्न, तरकारी र फलफूलमा आत्मनिर्भर बनाउने र स्थानीय युवाहरूलाई आफ्नै ठाउँमा रोजगारी सिर्जना गर्ने सरकारी नीतिअनुसार हरेक क्षेत्रमा युवा क्रियाशीलता बढाइएको देखिन्छ ।

**उत्पादनलाई पर्यटनसँग जोड्ने अभ्यास**

सहकारीमार्फत स्थानीय जनताको प्रत्यक्ष सहभागितामा उत्पादन गरिएका क्षेत्रहरूलाई चीनकै विभिन्न प्रान्तका जनतालाई आकर्षित गर्ने आन्तरिक पर्यटन प्रवर्द्धन कार्यसँग जोडिएको देखिन्छ । जस्तैः- स्याउ वा अङ्गुर टिप्ने सिजनमा विद्यार्थी, युवा, कर्मचारीलगायत चिनियाँ जनतालाई मेलाको रूपमा आमन्त्रण गर्ने, उनीहरूले फलफूल टिप्दै रमाइलो गर्ने, सित्तैमा पेटभरि फलफूल खान पाइने र दिनभरि टिपेको फलफूल त्यही छोड्ने गज्जबको तरिका अपनाइएको रहेछ ।

फलफूल टिप्ने मेला, साग लगाउने मेला र खेत जोत्ने मेला सुन्दै रमाइलो लाग्ने । नयाँ पुस्तालाई खेती किसानीप्रति आकर्षित गर्ने र सीप हस्तान्तरण गर्ने नौलो अभ्यास । यसले आन्तरिक पर्यटन प्रवर्द्धन पनि हुनेरहेछ ।

**छैठौँ उदाहरण : होमस्टे**

पाको उमेरका ज्येष्ठ नागरिक तथा महिलाहरूको ७८ घर परिवारले सहकारीमार्फत होमस्टे सञ्चालन गरेका रहेछन् । स्थानीय खाद्य परिकारहरूको स्वाद चाख्न पाइने, स्थानीय परम्परागत सांस्कृतिक प्रदर्शनीहरू अवलोकन गर्न पाइने र घरेलु वातावरणमा समय बिताउन पाइने व्यवस्थासहितको होमस्टे चलाइएको देखिन्छ । पर्यटकहरूलाई पालैपालो सहकारी सदस्यहरूको



घरमा बस्ने व्यवस्था गर्ने र प्राप्त आम्दानी सबै सदस्यहरूबिच समानुपातिक रूपमा वितरण गरिने राम्रो अभ्यास थालनी गरिएको छ ।

**उपसंहार**

नेपालमा पनि केही विशिष्टकृत सहकारी संस्थाहरू उत्पादन र सेवामा लागेका छन् तर अपवादबाहेक ती सहकारी संस्थाहरूले निर्धारित कार्यक्षेत्रलाई निरन्तरता दिन नसकेर बचत तथा ऋण सङ्कलन कार्यमा लागिरहेका छन् । सरकारले सहकारी संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा नै समस्या छ । त्यसमाथि सहकारी बैङ्क स्थापना गरेपछि सहकारीको मूल्य मान्यता नै फरक हुन थाल्यो । सहकारी संस्थाहरूले बैङ्किङ कारोबार गर्न थालेसँगै उच्च तहका व्यक्तिहरूले कानुनी छिद्रहरूको प्रयोग गरेर बचतकर्ताहरूको रकम हिनामिना गर्ने र भाग्ने राम्रो मेसो पाएका छन् । तिनीहरू शासक दलहरूको राजनैतिक संरक्षणमा 'ठुला नेता' र 'समाजसेवी' बन्ने होडमा छन् ।

सहकारीमार्फत ठगी र भ्रष्टाचार गर्नेहरूलाई कडा कारबाही गरी साँचो अर्थमा सहकारी सिद्धान्तअनुसार आर्थिक अवस्था कमजोर भएका जनताको आर्थिक, सामाजिक र सांस्कृतिक स्तर उठाउने बलियो सहाराको रूपमा सहकारी संस्थालाई विकास नगरेसम्म विकृति यथावत नै रहन्छ । तथापि वर्तमान व्यवस्थामै पनि कम्तीमा जनताप्रति उत्तरदायी सहकारी संस्थाहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा भए गरेका केही सकारात्मक अभ्यासहरूलाई अनुशरण गरेर जनहितका कार्य गर्न सकेमा बचतकर्ताहरूको विश्वास जित्न सकिनेमा दुईमत नहोला । कसैबाट सुरुवात गर्ने कि ?

# विविध भाषा साहित्यिक समाज, चितवन गठन

रत्ननगर, १४ मङ्सिर । नेपाल मजदुर किसान पार्टी जिल्ला समिति, चितवनका अध्यक्ष हरिप्रसाद दुवालको उपस्थितिमा शनिबार गडौलीमा एक भेला भयो । उक्त भेलाबाट विष्णु शर्माको संयोजकत्वमा विविध भाषा साहित्यिक समाज, चितवन गठन भएको छ ।

सो कार्यक्रममा जिल्ला अध्यक्ष दुवालले समाज वर्गीय भएकोले साहित्य पनि वर्गीय हुने बताउँदै मजदुर, किसान र कामदारवर्गको साहित्यले मात्र बहुमत जनताको हित गर्ने बताउनुभयो । उहाँले अन्याय, अत्याचार, शोषण, थिचोमिचोको विरोधमा लेखिएको साहित्यले मात्र कामदार जनताको सेवा गर्ने बताउनुभयो ।

व्यक्तिवादी, निराशावादी र यौनवादी साहित्य भनेको पुँजीवादी साहित्य भएकोले त्यस्ता साहित्यबाट कामदार जनता टाढा रहनुपर्नेमा उहाँले जोड दिनुभयो ।

नवगठित विविध भाषा साहित्यिक समाज, चितवनको आयोजनामा आजै जनताका साहित्यकार हरिबहादुर श्रेष्ठद्वारा लिखित जनताका साहित्य र साहित्यकार पुस्तिकाको अध्ययन गोष्ठी भयो ।

सो गोष्ठीमा विष्णु शर्मा, ज्ञानेन्द्र प्रजा, सुमित्रा महतो, मोहनबहादुर प्रजा, अस्मिता गुरुङ, अर्जुन चेपाङ, सन्तबहादुर पाखीनलगायतले आ-आफ्नो अध्ययन सार प्रस्तुत गर्नुभएको थियो ।

# प्रभु बैङ्कका प्रमुख कार्यकारी अधिकृत शेरचन पक्राउ

काठमाडौँ, १४ मङ्सिर । प्रहरीले प्रभु बैङ्कका प्रमुख कार्यकारी अधिकृत (सीईओ) अशोक शेरचनलाई पक्राउ गरेको छ ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)ले बैङ्किङ कसुरको आरोपमा शेरचनलाई आइतबार पक्राउ गरेको प्रवक्ता प्रहरी वरिष्ठ उपरीक्षक शिव श्रेष्ठले जानकारी दिनुभयो। रू. ९८ करोड ठगीबारे प्रभु म्यानेजमेन्टकी अध्यक्ष कुसुम लामाले दिएको जाहेरीको विषयमा सीआईबीले अनुसन्धान अगाडि बढाएको छ ।

सीआईबीले यसअघि गत कार्तिक २२ गते बैङ्कको बिजुलीबजारस्थित केन्द्रीय कार्यालयमा छापा मारेर महत्त्वपूर्ण कागजात नियन्त्रणमा लिएको थियो । त्यसैगरी सीआईबीले गत कार्तिक ११ गते प्रभु समूहका अध्यक्ष तथा नेपाल कम्युनिस्ट पार्टी (एमाले) का पूर्वसांसद देवीप्रकाश भट्टचनलाई पक्राउ गरेको थियो । भट्टचनमाथि अनुसन्धानको क्रममा बैङ्कका सीईओ शेरचनलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । भट्टचनविरूद्ध रू. ९८ करोड ठगी गरेको आरोप लागेको छ ।

***वैज्ञानिक...***

बताउनुभयो । उहाँले संसार बदल्न सही सोच राख्नुपर्ने बताउनुभयो ।

उहाँले आफ्नो व्यक्तित्व कस्तो बनाउनु भन्ने कुरा आफैमा निर्भर हुने विचार व्यक्त गर्दै सही विचारले मात्र मजदुर र किसानको हित हुने उल्लेख गर्दै समाजवादी व्यवस्थाको लागि हामी सबै लाग्नुपर्ने बताउनुभयो ।

कार्यक्रममा सदस्य प्रज्ज्वल नेपालीले पनि बोल्नुभएको थियो ।


## हार्दिक समवेदना



जन्म: २००७/०८/०९
निधन: २०८२/०७/२८

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ६ लालाछेँ टोल बस्ने यस संस्थाका सदस्यता नं. ५२४३ का सदस्य **रत्नबेटी त्यात**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर

## हार्दिक समवेदना

जन्म
२००१/०८/०४




निधन
२०८२/०७/०१

यस गुठीका कार्यसमितिका सदस्य कृष्णराम सुजखुकी ममतामयी आमा **पूर्णमाया सुजखु**को ब्रह्मालीन हुनुभएको आज ४५ औँ दिनको पुण्यतिथिमा उहाँको गोकुलधामतर्फको यात्रा सहज होस् भनी कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**सूर्यविनायक गुठी परिवार**
भक्तपुर

## हार्दिक समवेदना

जन्म
१९९३/०५/०५



निधन
२०८२/०८/०६

हाम्रा आत्मीय मित्र विष्णुहरि सुवालका पूजनीय पिता **हरिभक्त सुवाल**को दुःखद निधन भएको आज १० औँ दिनको पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**साथीहरू**

| | | |
|---|---|---|
| सुन्दरप्रसाद सुवाल | प्रेमनाथ सुवाल | दिनेश कोजु |
| हरिगोविन्द कोजु | विश्वराम सुवाल | बालकृष्ण सुवाल |
| चन्द्रभक्त सुवाल | उत्तम बाटी | कृष्णकुमार कोजु |
| हरिराम खोतेजा | सुन्दरप्रसाद कोजु | बुद्धराम कोजु |
| केशव कोजु | रामेश्वर सुवाल | राजेश कोजु |
| सानु कोजु | हरिश कोजु | न्हुछेभक्त कोजु |
| कृष्णराम खोतेजा | | लक्ष्मीनारायण कोजु |

**युवा बचत समूह परिवार, सानो ब्यासी**

## भक्तपुर नगरपालिकाद्वारा सञ्चालित
## ख्वप कलेज अफ इन्जिनियरिङ्ग
लिबाली, भक्तपुर, फोन नं.०१-५१२२०९४

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०८/१५ गते**

यस कलेजको लागि आवश्यक Assembled Desktop Computer खरिद गर्न २०८२ असोज २७ गतेको गोरखापत्र र 'मजदुर' दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सूचनाअनुसार E-bidding मार्फत दर्ता हुन आएका प्रस्तावहरूमध्ये निम्नलिखित प्रस्तावकको प्रस्ताव सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ बमोजिम सम्बन्धित सबैको जानकारीको लागि यो ७ (सात) दिनको आशयको सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | सूचना नं. | कामको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अङ्क भ्याटसहित | कबोल अङ्क अक्षरेपिमा |
|---|---|---|---|---|---|
| १. | KhCE/NCB/Goods/ Computer / 02/082/083 | Assembled Desktop Computer | E-Achievement Holdings Newroad, Kathmandu. | ७४,०१,५००। | रु. चौहतर लाख एक हजार पाँच सय मात्र । |

## हार्दिक समवेदना



**प्रेमरत्न मानन्धर**
जन्म : २०२७/०८/११
निधन : २०८२/०७/२५



**कृष्ण फेलु**
जन्म : १९९७/१०/२२
निधन : २०८२/०७/१८



**दीपक बखुन्छेँ**
जन्म : २०४८/०१/०१
निधन : २०८२/०७/११

यस ख्वप अस्पतालमा कार्यरत कर्मचारी डा.एलिश महर्जनका पूजनीय ससुरा बुबा **प्रेमरत्न मानन्धर** तथा ख्वप बहुप्राविधिक अध्ययन संस्थानका कर्मचारी विष्णुहरि फेलुका पूजनीय पिता **कृष्ण फेलु** र कर्मचारी **दीपक बखुन्छेँ**को असामयिक निधन भएकोमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**ख्वप अस्पताल परिवार**
च्याम्हासिंह-९, भक्तपुर

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## विद्यालयस्तरीय खेलकुद प्रतियोगितासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाको आयोजनामा मिति २०८२ मङ्सिर २५ देखि पुस १ गतेसम्म हुने भक्तपुर नगरव्यापी विद्यालयस्तरीय खेलकुद प्रतियोगिताका खेलहरू तपसिलबमोजिमको स्थानमा हुने भएकोले भक्तपुर नगरपालिकाभित्रका सम्पूर्ण विद्यालयहरूले सहभागी गराउनुहुन अनुरोध छ ।

| खेल | खेल हुने स्थान |
|---|---|
| भलिबल/एथ्लेटिक्स | १ नं. वडा कार्यालय |
| टेबल टेनिस | २ नं. वडा कार्यालय |
| उसु/पोर्टबल | ३ नं. वडा कार्यालय |
| कबड्डी | ४ नं. वडा कार्यालय |
| तेक्वान्डो | ५ नं. वडा कार्यालय |
| बुद्धिचाल/बाघचाल/कसिमला पाँय् | ६ नं. वडा कार्यालय |
| फूटबल | ७ नं. वडा कार्यालय |
| ब्याडमिन्टन/जिम्नास्टिक | ८ नं. वडा कार्यालय |
| कराँते | ९ नं. वडा कार्यालय |
| खो खो | १० नं. वडा कार्यालय |

**नोट** :
- कसिमला पाँय् र बाघचाल खेलमा कक्षा १ देखि ५ (छात्र २ जना/छात्रा २ जना) र कक्षा ६ देखि १० सम्म (छात्र २ जना/छात्रा २ जना)
- सहभागी विद्यालयहरूले मिति २०८२ मङ्सिर १९ गतेभित्र खेल आयोजना हुने वडाहरूमा खेलाडी दर्ता फाराम दर्ता गर्नुहुन ।

## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी-२, भक्तपुर

## अपाङ्गता दिवस मनाउने सम्बन्धी सूचना

३४ औँ अन्तर्राष्ट्रिय अपाङ्गता दिवसको अवसरमा भक्तपुर नगरपालिकाको आयोजनामा निम्न मिति, समय र स्थानमा 'अपाङ्गता समावेशी समाजको प्रवर्द्धन: सामाजिक उन्नतिको संवर्द्धन' भन्ने राष्ट्रिय मूल नाराका साथ अपाङ्गता दिवस कार्यक्रम सञ्चालन हुने भएकोले भक्तपुर नगर क्षेत्रका सम्पूर्ण वर्गका अपाङ्गता भएका व्यक्तिहरू परिचयपत्रका साथ उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कार्यक्रम**
**मिति** : २०८२।०८।१७ गते, बुधबार
**समय** : बिहान ११:०० बजे
**स्थान** : १ नं. वडा कार्यालयको प्राङ्गण, भ.न.पा.१


प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा